# अध्याय एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

जैविक विशेषताको आधारमा महिला र पुरुषको पहिचान फरक छ । कार्यक्षमता, गुण, शारीरिक बनावट, बोलीचाली तथा व्यवहारले महिला वा पुरुषको पहिचान दिन्छ । प्राकृतिक विशेषताको आधारमा समाजले आफ्नो अनुकूल लैङ्गिकताको आधारमा सामाजिक तथा साँस्कृतिक नियमहरू निर्धारण गरेको छ, जसलाई सामाजिक लिङ्ग भनिन्छ । अझैपनि कतिपय समुदायमा महिलाहरू घर धन्दामा लाग्नुपर्छ, छोराहरूले कमाउनुपर्छ, टाठोबाठो बन्नुपर्छ भन्ने मान्यताहरू भएको पाइन्छ । सामाजिक मूल्य मान्यताको कारणले गर्दा महिलाहरू पर्दा पछाडि रहेका छन् । त्यसैले अझै पनि कतिपय समुदायमा मानसिक रूपमानै महिलाहरूलाई चुलोचौकोमा रहने वातावरण तयार गरेको कतिपय अवस्थाहरू छन् ।

नेपाली समाजमा महिलाको मर्यादास्तर कमजोर बनाउने काम गर्भमा आएदेखि सुरु हुन्छ । जन्मेदेखिनै छोरीहरूले घर परिवारमा विभेदको सामना गर्नुपर्छ । मूलतः धर्ममा आधारित नेपाली समाजको सामाजिकीकरणको प्रक्रियामा छोरीले बिस्तारै बोल्नुपर्ने, सहनुपर्ने, घरको काममा आमालाई सघाउनुपर्ने जस्ता कुराहरू सिकाउने गरिन्छ । छोरीहरूलाई बाहिर गएको बेलामा अबेर हुँदा अनेक प्रश्न गरिन्छ तर त्यही कुरा छोराले गर्दा उसमाथि प्रश्न गरिँदैन मानौं यो सबै कुरा गर्न उसलाई छुट छ किनभने उ छोरा हो ( घिमिरे, २०७१) ।

आधा आकाश ढाक्ने महिलाहरूको सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रमा सहभागिता पुरुषको तुलनामा पछाडि नै छ । शिक्षा तथा अवसरबाट बञ्चित महिलाहरू आर्थिक रूपमा पनि पुरुषभन्दा पछाडि नै छन् जसका कारण परिवारमा रहेको जायजेथामा महिलाको सहभागिता बढ्न सकेको छैन । नेपालको कूल जनसङ्ख्यामध्ये ५१.५ प्रतिशत महिला छन् भने परिवारमा महिला घरमुली रहेका घरहरू २५.७३ प्रतिशत र परिवारमा महिलाको नाममा घरजग्गा रहने घरहरू १९.७१ प्रतिशत रहेका छन् ।महिलाको हरेक क्षेत्रमा सहभागिताको लागि महिला सशक्तीकरण आवश्यक देखिन्छ । (केन्द्रीय तथ्याङ्क विभाग, २०६९) ।

आर्थिक कामको परिभाषामा आएको परिवर्तनले महिलाको कामको मूल्याङ्कन र पहिचान गराउन योगदान दिएको छ भने घरायसी प्रयोगका लागि गरिएको सेवा उत्पादनलाई परिभाषामा नसमेटिनुले महिलाको कामको ठूलो भाग आर्थिक क्रियाकलापको परिभाषाबाट बाहिर रहेको छ । श्रम, सीप र समय प्रशस्त खर्चिनु पर्ने जस्ता कामहरूको आर्थिक रूपमा मूल्याङ्कन नहुँदा घर परिवार वा समाजमा महिलाको आर्थिक योगदानको पहिचान हुन सकेको छैन । दैनिक रूपमा गर्नुपर्ने र पटक-पटक गर्नुपर्ने जस्ता कामहरूले गर्दा अन्य प्रत्यक्ष रूपमा आयआर्जन हुने कार्यका लागि वा आफ्नो क्षमता विकासका लागि महिलाहरूसँग थोरै मात्र समय रहन जान्छ। यसले गर्दा महिलाहरूमा कामको बोझ रहन्छ भने अर्कोतर्फ आर्थिक तथा सामाजिक परनिर्भरता रहिरहेको देखिन्छ(निरौला, २०७१) ।

नेपालको ग्रामीण क्षेत्रका महिलाहरू हेपिएको, दबिएको र पछाडि पारिएको महसुस गरेपछि टोल छिमेकमा रहेका दिदीबहिनीहरू मिलेर समूहहरू निर्माण गरेका छन । दिदीबहिनीहरूले समूह मार्फत महिलाको चेतना, क्षमता विकास तथा बचत र लगानीका कार्यक्रमहरू सञ्चालन गरेका छन् । यसले समाजमा महिलाहरू पनि परिवारको एक भाग हुन् भन्ने स्वीकार्न पुरुषहरूलाई सचेत बनाएको छ । किनकि समूहका विभिन्न क्रियाकलापमा सहभागी महिलाहरू हरेक विषयमा सचेत भएका छन् । उनीहरू आफ्नो अधिकार प्राप्ति तथा कर्तव्यको पथमा लम्कनको लागि साहस राख्दछन्; घरायसी कामकाजमा र चुलोचौकोमा मात्र होइन, आम्दानी हुने खालका काममा लाग्नको लागि साहस बटुल्छन् । उनीहरू समाजमा कोही महिला समस्यामा पर्दा काँधमा काँध मिलाएर समस्या समाधानको पहलमा अग्रसर देखिन्छन् । समाजमा रहेका चालचलन परम्पराका सकारात्मक पाटाहरूको संरक्षणको लागि कम्मर कसेर लाग्छन्। उनीहरू छोरीहरूलाई विवाहमा दाइजो होइन, अब उज्यालो भविष्य निर्माणको लागि शिक्षा भन्ने अभियानमा लागेका छन् (सुवेदी र देउजा, २०७१)।

## १.२ समस्याको कथन

घर परिवार तथा समाजको हरेक तहमा पुरुषको निर्णय चल्छ ।महिलाहरू सन्तान उत्पादन गर्ने, बालबच्चाको स्याहार गर्ने तथा घरायसी काममा नै समय बिताउँछन् । शिक्षाको अवसर नपाएका महिलाहरू परिवार तथा समाजको अगाडि सरकारले महिलालाई दिएको अधिकारको माग गर्न सक्ने अवस्थामा छैनन् । पुरुषले गरेको अत्याचार सहेर बस्नु

परेको छ । आर्थिक आम्दानी हुने खालका क्रियाकलापमा सहभागिताको लागि परिवारको सहमति पाएका छैनन् । क्षमता विकासको लागि हुने विभिन्न तालिमहरूमा सहभागिताको लागि पनि सहज वातावरण नभएको अवस्थामा आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका महिलाहरू मिलेर विभिन्न समूहहरू गठन गर्ने तथा महिला विकासका अभियानहरू सञ्चालन गर्ने गरेका छन् । महिलाको विकास तथा क्षमता बढाउनको लागि गठन भएका समूहले महिला सशक्तीकरणमा खेलेको भूमिका र महिलाको सामाजिक तथा आर्थिक क्षेत्रमा ल्याएको परिवर्तनको खोजी गर्ने अभिप्रायले यो अध्ययन अगाडि बढाइएको हो । यो अध्ययन तल उल्लिखित प्रश्नहरूको सेरोफेरोमा रहेर गरिएको छ ।

१. समूहका सदस्यको आर्थिक तथा सामाजिक अवस्थामा के परिवर्तन भएको छ ?

२. समूहका सदस्यहरूलाई परिवार र समाजले हेर्ने दृष्टिकोणमा कस्तो परिवर्तन आएको छ ?

३. समूहले सशक्तीकरणको साथै महिलाहरूको समग्र पक्षको विकासको लागि कस्तो भूमिका खेलेको छ, जस्ता प्रश्नहरूलाई अध्ययनको समस्याको रूपमा लिएर यो अध्ययन अगाडि बढाइएको छ ।

## १.३ अध्ययनको उद्देश्य

महिला सशक्तीकरणमा समूहको भूमिकाको खोजी गर्नु यो अध्ययनको सामान्य उद्देश्य हो भने विशिष्ट उद्देश्यहरू निम्न अनुसार रहेका छन् :

१. समूहमा सञ्चालित क्रियाकलापहरूले महिलाहरूमा आएको सामाजिक सशक्तीकरणको विश्लेषण गर्नु ।

२. समूहहरूको क्रियाकलापहरूका कारण महिलाहरूमा आएको आर्थिक सशक्तीकरणको अन्वेषण गर्नु ।

## १.४ अध्ययनको महत्व

यो अध्ययन समाजशास्त्र तथा ग्रामीण विकास विभाग, पृथ्वीनारायण क्याम्पस अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक प्रयोजनको लागि गरिएको छ । अध्ययन क्षेत्रका महिलाहरूमा समूहको क्रियाकलापहरूबाट आएको आर्थिक तथा सामाजिक परिवर्तनको विश्लेषण हुने भएको कारण स्थानीय समुदायमा समूहको

आवश्यकता र महत्त्व बुझ्न सहज हुनेछ । समाजले महिला सशक्तीकरणमा समूहको योगदानको सम्बन्धमा प्रष्ट हुँदै समूहले सञ्चालन गर्ने क्रियाकलापहरूमा सकारात्मक सहयोग गर्नेछ । यस अध्ययनको महत्व निम्न अनुसार रहेको छ ।

१. समूहले महिलाहरूको सामाजिक तथा आर्थिक जीवनस्तरमा ल्याएको परिवर्तनको विश्लेषण गर्नु आफैंमा महत्तवपूर्ण छ ।
२. महिला सशक्तीकरणको क्षेत्रमा कार्य गर्ने व्यक्तिहरू, संस्थाहरू तथा निकायहरूलाई यो शोधपत्र योजना निर्माण तथा कार्यान्वयनमा सहयोगी हुन सक्नेछ ।

## १.५ अध्ययनका सीमाहरू

मौला कास्कीकोट पोखरा-२४, कास्कीमा रहेका एकता दिदीबहिनी समूह, छिमेकी समूह र ओम शान्ति समूहका ८६ जना सदस्यहरूलाई यस अध्ययनमा उत्तरदाताको रूपमा छनोट गरिएको छ । आर्थिक तथा सामाजिक क्षेत्रमा महिलाको सशक्तीकरणको लागि समूहले खेलेको भूमिकाको बारेमा अध्ययन गरिएको छ । यस अध्ययनले अन्य यस्तै खालको समूहहरूको प्रतिनिधित्व नगर्न पनि सक्छ ।

## १.६ अध्ययनको साङ्गठनिक ढाँचा

यस सोधपत्रलाई सात अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्त्व तथा अध्ययनका सीमाहरूलाई समावेश गरिएको छ । दोस्रो अध्यायमा सशक्तीकरण अवधारणा र सैद्धान्तिक समीक्षा, सन्दर्भ साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचालाई समावेश गरिएको छ । अध्याय तीनमा अध्ययन क्षेत्रको परिचय, अध्ययन क्षेत्रको छनोट र सँगणना विधि, तथ्याङ्कको प्रकार, तथ्याङ्कका स्रोतहरू, तथ्याङ्क सङ्कलन विधि तथा तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरणलाई समावेश गरिएको छ ।


अध्याय चारमा अध्ययन क्षेत्रको परिचय तथा उत्तरदाताको जनसाङ्ख्यिक विवरण, अध्याय पाँचमा समूहले महिलाहरूको सामाजिक जीवन परिवर्तनमा खेलेको भूमिकाको विश्लेषण, अध्याय छ मा स्वयम्सेवी समूहले महिलाहरूको आर्थिक जीवन परिवर्तनमा खेलेको भूमिकाको विश्लेषण र अध्याय सातमा सारांश, निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ । अन्तमा सन्दर्भ सामग्री, अनुसूची र तस्बिरहरू राखिएका छन् ।

# अध्याय दुई : सन्दर्भ साहित्यको पुनरावलोकन

## २.१ सशक्तीकरण सम्बन्धमा अवधारणात्मक सिंहावलोकन

पुरुषहरू हरेक घरको जायजेथाको मालिक तथा हर्ताकर्ता बन्दै सामाजिक, राजनीतिक तथा आर्थिक रूपमा अगाडि बढ्दै गए । महिलाहरूलाई घरायसी कामकाज तथा बालबच्चाको पालनपोषणमा साथै घरमा रहेका जेष्ठ नागरिकको स्याहार गर्न जिम्मेवारी दिइयो । जसको कारणले पुरुष आर्थिक, सामाजिक तथा शैक्षिक रूपमा अगाडि बढे भने महिलाहरू चुलोचौकोमानै रुमलिन पुगे । समान कामका लागि पनि महिला भएको कारण पुरुषलाई भन्दा महिलालाई कम ज्याला दिने, सम्पत्तिमा वा आम्दानीमा महिलाहरूको हक नरहने परम्पराको विकास भयोजसको कारण महिलाहरू पुरुषबाट शोषणमा पर्न गए । व्यक्तिमा रुत्रीत्व र पुरुषत्वको गुण हुन्छ तर समाजले केटी भित्र रहेको पुरुषत्व वा केटाभित्र रहेको स्त्रीत्वलाई मौलाउन दिएन (भाषिन, २००३) ।

Rahman (2013) ले आफ्नो लेख “Women’s Empowerment: Concept and Beyond” मा सशक्तीकरणलाईमहिलाहरूमा आर्थिक तथा सामाजिक क्षमता विकास भएर निर्णय प्रक्रियामा सहभागी हुनु जसले परिवार, समाज र राष्ट्रको नीति निर्माण कार्यमा सहयोग पुग्ने छ भनी व्याख्या गरेका छन् । महिलासशक्तीकरणका तीन वटा आयामहरूलाई यसरी प्रस्तुत गरेका छन् ।



महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, महिला तथा बालबालिका विभाग (२०७४) ले सशक्तीकरणको न्युनतम स्तरहरू निर्धारण गरिएका छन् ।

**लैङ्गिक समता** : छेकबारजन्य चलनको अवज्ञा, व्यावहारिक लैङ्गिक आवश्यकताको सम्बोधन, पारिवारिक एवं सामुदायिक सकारात्मक कार्यहरू भएको अवस्था ।

**प्रजनन स्वस्थता** : प्रजनन स्वास्थ्यको प्राथमिक ज्ञान, समस्या बताउने अनि उपचार गराउने तत्परता, पारिवारिक असंवेदनशीलताको अवस्थामा छिमेकी संवेदनशीलता भएको अवस्था ।

**जीवनोपयोगी शिक्षा** : आफूलाई व्यक्त गर्ने, अर्काको कुराको पारख गर्ने, निर्णय लिने आत्मविश्वास भएको ।

**पुगीसरी सम्पन्नता** : वर्षैभरि खान पुग्ने आयस्रोत, भइपरि आए दुई महिनाको निर्वाह खर्च धान्न सक्ने बचत, विद्यालय तहसम्मको शैक्षिक एवं स्वदेशमा उपलब्ध आवश्यकीय उपचार खर्च बेहोर्न सक्ने हैसियत भएको ।

**संस्थागत सहभागिता** : बाहिरी सञ्चार, विस्तारित साथ, आवश्यकता अनुसार नेतृत्व बहन गर्ने क्षमता ।

## २.२ सैद्धान्तिक समीक्षा

### २.२.१ विकासमा महिला अवधारणा

विकासमा महिला अवधारणा उदारवादी महिलाहरूले सन् १९७० को दशकपछि अघि सारेको अवधारणा हो, जसमा महिलाका समस्याहरूलाई केन्द्रमा राखेर समस्त विकास कार्यमा महिलाको सहभागितालाई जोड दिइयो । विकासको मूल प्रवाहबाट महिलाहरू वञ्चित भएका, महिला हक र अधिकारहरू कुन्ठित भएका तथा महिलाहरू स्वतन्त्रताका सवालमा बाधा उत्पन्न गराइएको जस्ता पक्षलाई बढी महत्त्व दिई कानुनी तथा प्रशासनिक कार्यमा सुधारलाई बढी जोड दिइएको छ । यसले आधुनिकीकरणको कारण परम्परागत पेशा विस्थापनमा परेको कारण आय तथा सामाजिक मर्यादा घट्दै आएको विषय उल्लेख गरेको छ । त्यसैले महिलाको सशक्तीकरणको लागि रोजगारी, तालिम सीप जस्ता विषयमा पहुँच बढाएर आर्थिक रूपमा महिलाको सक्षमतामार्फत समस्याको समाधान गर्ने विषयमा जोड दिइन्छ (Rathgeber E M, 1994)।

### २.२.२ महिला र विकास अवधारणा

महिला र विकास अवधारणा विकासमा महिलाभन्दा परिष्कृत अवधारणा हो । यो अवधारणा सन १९७० को अन्ततिर विकास भएको हो । यो अवधारणा परनिर्भरता सिद्धान्तमा आधारित रहेको पाइन्छ । यस अवधारणाले महिलाको सशक्तीकरणको लागि सामाजिक कुप्रथा तथा पितृसत्तात्मक समाज बाधक भएको मान्यतालाई जोड दिएको छ । महिलाको विकासको लागि चेतना, ज्ञान, सीप र सशक्तीकरणको अवधारणा अगाडि सारेको छ (Rathgeber E. M., 1994) ।

### २.२.३ लैङ्गिकता र विकास

महिला र विकास तथा विकासमा महिला अवधारणाका सिकाइ तथा सीमाहरूबाट लैङ्गिकता र विकास अवधारणाको जन्म भएको हो । यस अवधारणामा विकासको प्रतिफल महिला र पुरुषले समान रूपमा उपभोग गर्नुपर्छ भन्ने धारणा राखिन्छ । यसले समाजमा रहेको लैङ्गिक भिन्नतालाई जोड दिन्छ (Rathgeber E M, 1994)।

### २.२.४ सशक्तीकरण सिद्धान्त

यो अवधारणा तेस्रो विश्व केन्द्रित महिलावादसँग नजिक रहेको छ । १९७० को समयमा सशक्तीकरण शब्द शैक्षिक क्षेत्र, सामाजिक सेवा, स्वास्थ्य तथा सामाजिक क्षेत्रमा प्रयोग गर्ने गरेको पाइन्छ । सशक्तीकरण अहिले आएर राजनीतिक तथा व्यापारिक क्षेत्रमा पनि प्रयोग गर्ने गरिन्छ । १९९० को दशकबाट सशक्तीकरणलाई महिला र विकासको अवधारणासँग जोडेर विश्लेषण गर्न थालिएको छ । यस अवधारणाले सामाजिक न्यायबाट वञ्चित तथा पुरातन दासता र मान्यताले दविएका महिलाहरूलाई अधिकार तथा अवसर प्रयोग गर्न सक्ने बनाउन जोड दिन्छ । यसले महिलाको क्षमता विकासको लागि उनीहरूको सीप, हिम्मत, शिक्षा तथा अवसरको प्रयोगलाई बढाउन प्रयास गर्छ । महिलाहरूको क्षमता तथा सीपको विकास गर्दै निर्णयको तहमा पहुँच आवश्यक देखाउँछ । समुदायमा महिलाहरूलाई आर्थिक, सामाजिक, राजनैतिक तथा मनोवैज्ञानिक क्षेत्रमा सक्रिय, सक्षम र पहुँचवाला बनाउने प्रक्रिया यस अर्न्तगत पर्दछ । महिलाहरूको विकासको लागि उचित अवसरको उपलब्धताको आवश्यकता रहेको हुन्छ । महिला सशक्तीकरणका आयामहरू आर्थिक, सामाजिक, मनोवैज्ञानिक र राजनीतिक रहेका छन् । संरचनात्मक सीपको विकास तथा आत्मनिर्भरता यस अवधारणाका मुख्य तत्वहरू हुन् (Perkins,1995)।

### २.२.५ मार्क्सवादी महिलावाद

फ्रेडरिक एङ्गेल्सद्वारा लिखित "परिवार निजी स्वामित्व र राज्यको उत्पत्ति" नामक पुस्तकमा लैङ्गिक सम्बन्धमा निम्न अनुसारका विषयहरू उल्लेख गरिएका छन् । (एङ्गेल्स, २०५६)

- समाजमा रहेको महिला विभेद, अधीनता र असमानता जस्ता विषयहरू जैविक नभएर सामाजिक तथा आर्थिक कारणहरू हुन् ।
- परिवारभित्र रहेको उत्पादन सम्बन्धमा महिलाका कार्यहरूलाई कम मूल्याङ्कन गर्ने गरिन्छ ।
- आदिमकालीन समाजमा महिलाप्रति विभेद शोषण र असमानता थिएन तर आजको पारिवारिक संरचनामा हेर्ने हो भने लैङ्गिक विभेदको जर्जर रूप भएको पाइन्छ ।
- स्रोतमाथि पुरुषको नियन्त्रणसँगै महिलाप्रति पूर्वाग्रह र विभेदको प्रक्रिया सुरु भएको हो ।

## २.३ पूर्व साहित्यको समीक्षा

समाज सामाजिक अन्धविश्वास र कुरीतिको जालोमा रुमलिएको छ । नारी र पुरुषको सहयात्राले मात्रै समाज चल्छ भन्ने कुराको आभास सबैमा भए पनि कार्यान्वयनमा भने महिलालाई पुरुषको सहयोगीको रूपमा मात्र हेरिन्छ । पछिल्लो समयमा महिलाको समान सहभागिताका लागि विभिन्न अवाजहरू उठे, जसले गर्दा महिलालाई समाजको अभिन्न अङ्गको रूपमा लिन थालेको छ । महिलाको समान सहभागिता तथा अवसरको लागि विभिन्न महिला अधिकारकर्मीहरूले अध्ययन तथा अनुसन्धानहरू भएको पाइन्छ ।

कन्टोर (२००३), का अनुसार आर्थिक आम्दानीमा महिलाहरूको पहुँच बढाउनु भनेको महिला सशक्तीकरणमा सहजीकरण गर्नु हो । आर्थिक सहभागितालगायत सामाजिक क्षेत्रमा पनि महिलाको सशक्तीकरण आवश्यक छ ।

यु.एन.एफ.पि.ए. (२००७) का अनुसार लैङ्गिकता र महिला सशक्तीकरण सम्बन्धमा नेपालले गरेको प्रगतिको सम्बन्धमा गरेको अध्ययन अनुसार लघुवित्त कार्यक्रमहरू महिलाको समूह गठन, परिचालन तथा बचत लगानी कार्यक्रम सञ्चालनमा सफल देखिएका छन् ।

कतिपय लघुवित्त संस्थाहरूले महिलाको सचेतना, स्वास्थ्य, शिक्षा तथा परिवारको योजनाको बारेमा पनि सचेत बनाएका छन् ।

सुवेदी र देउजा (२०७१),का अनुसार महिला लक्षित विभिन्न कार्यक्रमहरूका साथै महिलाहरूले औपचारिक वित्तीय संस्थाहरूको विकल्पका रूपमा आफ्नो बचतसमूह निर्माण गरिरहेका छन् । दुर्गम क्षेत्रको त के कुरा सुगम क्षेत्रहरूमा पनि महिलाहरू औपचारिक बचत ऋण समूहमा आबद्ध भएर उनिहरूसँग भएको सीमित पैसा बचत गरेर एक-अर्कामा लेनदेन गर्ने गरेका छन् । कतिपय महिला समूहहरू सहकारी संस्थाको रूपमा दर्ता गरी कार्य गर्न सफल भएका छन् भने कतिपय बचत समूहहरू कानुनी मान्यताका लागि उपाय खोजिरहेका छन् किनकि उनीहरू आफ्नै समूह बनाएर व्यवस्थापन र सञ्चालन गर्न चाहन्छन् (पृ.७१) ।

दाहाल (२०५४) का अनुसार सन १९७० को दशक पछि आर्थिक विकासलाई राष्ट्रिय आम्दानीमा बृद्धि हुने कार्यक्रम तथा गतिवधीलाई आर्थिक विकास मानिन पनि थालियो जसबाट राष्ट्रिय प्रतिव्यक्ति आयमा बृद्धि र दैनिक स्तरमा सुधार आउँछ ।

भट्टराई (२०७१), का अनुसारउत्पादनको प्रक्रियामा चर्चा गनुपर्दा महिलाहरूलाई अनुत्पादक क्षेत्रमा र पुरुषले उत्पादनशील क्षेत्रमा अधिकार जमाएको देखिन्छ । महिलाहरू शिक्षामा पछिनै परेका छन् । महिलाहरूमा वैवाहिक हिंसा, घरायसी हिंसा, दाइजोसँग सम्बन्धित हिंसा आदिसँग सम्बन्धित रहेर शारीरिक र मानसिक यातना दिइएको अवस्था छ ।

बस्याल (२०७२), का अनुसार समाजको विकासको लागि महिला र पुरुष दुवैको महत्त्वपूर्ण भूमिका रहन्छ । महिला र पुरुषको सहकार्य भएमा महिला सशक्तीकरणमा बृद्धि हुन्छ । अवसर पाएको खण्डमा महिला पनि पुरुषसरह काम गर्न सक्छन्, सामाजिक र आर्थिक क्रियाकलाप गर्न सक्षम रहन्छन् ।

के.सी (२०६२), का अनुसार मानिस श्रम गर्दै जाँदा श्रमका साधनहरू परिष्कृत हुँदै गए । उत्पादनमा विविधीकरण हुँदै गयो । सुरु-सुरुमा काठ र ढुङ्गाका मात्र औजारहरूको प्रयोग हुने गर्दथे भने पहिलो वर्गीय समाज दास युगको मध्यकालबाट जनावरहरूको हाड, सिङ आदि पनि हतियारको रूपमा प्रयोग हुन थाले । त्यसै अवधिमा प्राकृतिक श्रम विभाजन

सुरु भयो । स्त्रीहरूले केटाकेटीको पालनपोषण गर्ने, घरधन्दाको जिम्मेवारी लिने गर्न थाले, पुरुषहरूको शिकार गर्ने सरसमान खोज्ने जिम्मेवारी रहन गयो (पृ.१५९) ।

सुवेदी (२०७०), का अनुसार महिलाविरुद्वको हिंसालाई कम गर्न वा रोक्नको लागि महिला शिक्षामा जोड दिनुपर्ने, जनचेतना जगाउनुपर्ने, समाजमा विद्यमान रुढिवादी धारणा वा अन्धविश्वास चिर्नुपर्ने, आयआर्जनको बाटो खोलिदिनुपर्ने, हिंसाको प्रकृति र मात्रा अनुसार सजाय र क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने जस्ता धारणाहरू उत्तरदाताबाट प्रकट भए । हिंसाको मात्रा प्रचुर भएतापनि अधिकांश महिलालाई महिलाविरुद्वको हिंसाको सम्बन्धमा भएको कानुनी व्यवस्था सम्बन्धमा जानकारी समेत नभएको देखिँदा हाम्रो समाजमा महिलाहरू विकासको कुन चरणमा छन् भन्ने बुझिन्छ ।

अधिकारी (२०७४), का अनुसार सामाजिक गतिविधिमा समेत महिलाको कम सहभागिता रहेको देखियो । अझैपनि समाजले महिलाको भन्दा पुरुषको शैक्षिक योग्यताप्रति विशेष ध्यान दिने गरेको यस अध्ययनमा देखिएको छ भने शैक्षिक कार्यक्रमहरूमा महिलाकोसहभागिताकम पाइयो । डर मान्ने, लाज लाग्ने जस्ता कारणबाट यस सम्बन्धमा खासै चासो नलिएको पाइयो । शिक्षण सिकाइ क्रियाकलाप पनि आफू अनुकूल नजानेको कुरा प्रस्टसँग नसोचेको, सोध्न अप्ठ्यारो लाग्ने गरेको पाइयो।

मगर र किसान (२०७१), का अनुसार अंशबन्डाको कानुन बमोजिम विवाहपूर्व छोरीले अंश बापत पाएको सम्पत्ति छोरीको आफू खुशी गर्न पाउने सम्पत्तिका रूपमा अदालतले मान्यता दिएको छ । यस्तो सम्पत्ति छोरीले आफ्नो इच्छा र आवश्यकता अनुकूल भोग गर्ने हक हस्तान्तरण गर्न वा खर्च गर्न बाँकी रहेको अवस्थामा विवाह भएमा विवाह गरेको कारणले आफूले प्राप्त गरिसकेको सम्पत्ति पनि आफ्नो नियन्त्रण बाहिर जाने भई फिर्तानै गर्न पर्ने व्यवस्था प्रचलित कानुनी व्यवस्थाले सिर्जना गरेको छ (पृ.३३७) ।


विनेट (१९८७), का अनुसार विकास प्रक्रियामा महिलाहरूको सहभागिता बढाउनको लागि उनीहरूलाई जति सक्यो बढी शिक्षित बनाउनु पर्दछ । उनीहरूप्रति गरिने व्यवहार र धारणाले गर्दा केटीहरूले गर्नु पर्ने घरधन्दा केटाकेटी हेर्ने, बाखा चराउने आदि कामले गर्दा पनि पढ्ने मौका पाएका हुँदैनन । कसैले छोरीलाई पढाउन पठाए पनि विभिन्न कारणले पछि उनीहरूले बीचैमा छोडेको पाइन्छ । त्यसैगरी केटीहरू ठूला भएपछि परपुरुषसँग सम्पर्कमा आउन नहुने परम्पराको कारणले गर्दा पनि केटीहरूले पूरा पढ्न नपाउँदै

उनीहरूलाई स्कुलबाट छुटाइन्छ । त्यसैले सह शिक्षालय भन्दा केटाकेटीको लागि बेग्लाबेग्लै स्कूलको पनि व्यवस्था गर्न सकिन्छ (पृ. ७४ )

महिलाहरूको सशक्तीकरण सम्बन्धमा विभिन्न समयमा अध्ययन गरिए पनि सशक्तीकरणमा महिला समूहको भूमिका विषयमा अध्ययन नगरिएको कारण यो अध्ययन गरिएको छ ।

## २.३ अवधारणात्मक ढाँचा

महिला सशक्तीकरणमा समूहको भूमिकालाई अवधारणात्मक ढाँचामा निम्न अनुसार प्रस्तुत गरिएको छ ।




प्रस्तुत अवधारणामासामाजिक मूल्य मान्यता र आर्थिक क्रियाकलापमा सहभागिता नहुनुको कारण पछाडि परेको चेतना महिलाहरूमा आएपछिउनीहरूलेसमूहको गठन गर्छन् । उक्त समूहबाट महिलाहरूले विभिन्न सरोकारवाला निकायसँग समन्वय तथा सहकार्यमा बचत तथा लगानी, क्षमता विकास तालिम, स्वरोजगारमूलक कार्यक्रम, सचेतनामूलक कार्यक्रम, सीप विकास कार्यक्रम साथै आवश्यकता अनुसार समन्वयको अभियान सञ्चालन गर्छन ।समूहले सञ्चालन गरेका माथि उल्लेखित कार्यक्रमहरूबाट महिलाको सामाजिक तथा आर्थिक क्षेत्रमा परिवर्तन आएर महिला सशक्तीकरणमा टेवा पुग्नेछ ।

# अध्याय तीन : अध्ययन विधि

## ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

सशक्तीकरणमा महिला समूहको भूमिका सम्बन्धमा गरिएको यो अध्ययनको अध्ययन क्षेत्र पोखरा महानगरपालिका -२४,कास्कीकोट मौला कास्कीलाई लिएको छ । यस क्षेत्रमा दलित (परियार विश्वकर्मा र नेपाली) समुदायको बाहुल्यताका साथै अन्य जातजातिको बसोबास रहेको, ग्रामीणबाट बिस्तारै सहरीकरणतर्फ विकास हुँदै गएको र यस क्षेत्रमा यस्ता खालको अध्ययन नभएको कारण यो क्षेत्रलाई छनोट गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

यस अध्ययनलाई सम्पन्न गर्न आवश्यक तथ्याङ्क प्राप्तिको लागि अन्वेषणात्मक र प्राप्त तथ्याङ्कको व्याख्या तथा विश्लेषणको लागि वर्णनात्मक अनुसन्धान ढाँचाहरूको प्रयोग गरिएको छ । अध्ययन क्षेत्रबाट प्राप्त तथ्याङ्कहरूलाई गुणात्मक र सङ्ख्यात्मक विधिबाट विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रमा उत्तरदाताहरूलाई प्रत्यक्ष भेटेर प्रभावकारी तथ्याङ्कप्राप्त गर्नअन्तर्वार्ता अनुसूची, अवलोकन तथा वैयक्तिक अध्ययन जस्ता विधिहरू प्रयोग गरेर तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत र प्रकृति

प्राथमिक तथ्याङ्क सङ्कलनको लागि शोधकर्ता आफैं अध्ययन क्षेत्रमा गई अन्तर्वार्ता अनुसूचीको माध्यमबाट उत्तरदाताहरूसँग प्रत्यक्ष भेटघाट गरी तथ्याङ्क सङ्कलन गरिएको थियो । तथ्याङ्क सङ्कलन गर्दा अवलोकन तथा सर्वेक्षण विधि समेत प्रयोग गरिएको छ । प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन गर्दा गुणात्मक र सङ्ख्यात्मक तथ्याङ्क सङ्कलन गरिएको भए पनि सङ्ख्यात्मक तथ्याङ्कलाई विशेष प्राथमिकता दिइएको छ ।

शोध अध्ययनको लागि आवश्यक तथ्याङ्कको द्वितीय स्रोत पनि प्राथमिक स्रोत जति नै महत्वपूर्ण छ । सम्बन्धित समूहसँग सरोकार राख्ने निकायबाट प्रकाशन भएका पुस्तक, अन्य सम्बन्धित पुस्तक तथा प्रशासनिक अभिलेखहरू द्वितीय स्रोतको रूपमा प्रयोग गरिएको छ ।

शोध अध्ययनको आवश्यकता अनुसार वर्णात्मक र अन्वेषणात्मक वयाख्या तथा विश्लेषणको लागि आवश्यकगुणात्मक र सङ्ख्यात्मक दुवै प्रकारको तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.४ समग्रता र नमुना छनोट विधि

पोखरा महानगरपालिका, वडा न. २४, कास्कीकोटको मौलामा रहेका एकता दिदीबहिनी समूह, ओम शान्ति समूहर छिमेकी समूहलाई उद्देश्यमूलक नमुना छनोट विधिबाट छनोट गरिएको छ । एकता दिदीबहिनी समूहका ३४ जना, ओम शान्ति समूहका ३१ जना र छिमेकी समूहका २१ जना गरी जम्मा ८६ जना सदस्यहरूलाई जन गणनाको विधिबाट अध्ययन गरिएको हो ।

## ३.५ प्राथमिक तथ्याङ्क सङ्कलन विधि

### ३.५.१ अन्तर्वार्ता अनुसूची

यस अध्ययनमा तथ्याङ्क सङ्कलनको लागि सामान्य प्रश्नहरू तयार पारी अध्ययन क्षेत्रमा महिला समूहका ८६ जना सदस्यहरूलाई प्रत्यक्ष अध्ययन क्षेत्रमानै भेटी अन्तर्वार्ता अनुसूची मार्फत आवश्यक प्राथमिक तथ्याङ्क सङ्कलन गरिएकोछ ।

### ३.५.२ वैयक्तिक अध्ययन

अध्ययनमा समूह सञ्चालनबाट महिलाहरूको पहिलेको अवस्था र अहिलेको अवस्थामा आएको परिवर्तनको बारेमा व्याख्या गर्नको लागि यो विधि आपनाइएको छ । समूहका सदस्यहरूमध्ये केही सदस्यहरूको विवरणात्मक तथा विश्लेषणात्मक गहन तथा सूक्ष्म अध्ययन गरी समूह सञ्चालन पश्चात् समूहको सदस्यको रूपमा रहेर कार्य गर्दा आएको परिवर्तन र उक्त परिवर्तनले व्यक्ति, परिवार र समाजमा परेको प्रभावको व्याख्या गरिएको छ ।

### ३.५.३ अवलोकन

समाजमा आएका भौतिक परिवर्तनहरू जस्तै समूहमार्फत बनेका भवनहरू, शौचालय तथा खानेपानी योजना जस्ता परिवर्तनहरू कार्य क्षेत्रमा नै गएर समूहका सदस्यहरूसँगै अवलोकनमार्फत पहिचान गर्नको लागि यो विधिको प्रयोग गरिएको छ । सदस्यहरूलाई र उनीहरूका कार्यक्रमहरूलाई पनि अवलोकन गरी सशक्तीकरणमा आएको परिवर्तनको महसुस गरिएको छ ।

## ३.६ तथ्याङ्कको प्रस्तुतीकरणर विश्लेषण

अध्ययनको लागि आवश्यक गुणात्मक तथा सङ्ख्यात्मक तथ्याङ्कहरूलाई सङ्कलन, सम्पादन र वर्गीकरण पश्चात् विभिन्न उपशीर्षकमा विभाजन गरी आवश्यकता अनुसार तालिका बनाई विश्लेषण गरिएको छ । प्रस्तुतीकरणमा वर्णनात्मक तरिका अपनाएपनि केही मात्रामा विश्लेषणात्मक तरिकाबाट पनि प्रस्तुत गरिएकोछ । अध्ययनबाट प्राप्त समूहको सङ्ख्या, सदस्य सङ्ख्या, स्वरोजगारमा आवद्ध महिलाहरूतथा क्षमता विकास प्राप्त महिलाहरूको विवरण जस्ता तथ्याङ्कहरूलाई तालिका, स्तम्भचित्र र वृत्तचित्रको माध्यमबाट व्याख्या गरिएको छ ।

# अध्याय चार : अध्ययन क्षेत्रको परिचय र उत्तरदाताको जनसाङ्ख्यिक विवरण

## ४.१ अध्ययन क्षेत्रको परिचय

पोखराबाट पश्चिम भागमा रहेको कास्कीकोटको मौला पर्यटकीय क्षेत्र हो । पोखरा महानगरपालिका, वडा न. २४ मा पर्ने यस ठाउँ पहाडी भूभागमा रहेको कारण यस ठाँउमा चिसो हावापानी पाइन्छ । फेवातालको उत्तरी भागमा रहेको कास्कीकोटको मौला पोखराबाट १२ किलोमिटर पश्चिममा अवस्थित छ । कास्कीकोटबाट अन्नपूर्ण तथा धौलागिरी हिमालहरू तथा फेवातालको मनोरम दृश्य देख्न सकिन्छ । सिमानामा सराङकोट, चापाकोट, ढिकुरपोखरी र हेम्जा पर्छन् ।

कास्कीकोट ऐतिहासिक स्थान पनि हो । नेपाल एकीकरण हुनुभन्दा अगाडि पश्चिम भागमा रहेका चौबीसे राज्यहरूमध्ये एक कास्की पनि हो । कास्कीलाई शासन गर्ने राजाहरूको दरबारको भग्नावशेष अझ पनि कास्कीकोटको माथिल्लो भागमा रहेको छ । सोही स्थानमा कास्कीकोट कालिकाको मन्दिर पनि रहेको छ । बडादशै तथा चैते दशैमा कास्की गुठी सस्थाले विभिन्न खालका कार्यक्रमहरूको आयोजना गर्ने गरेको छ । यस कारण यस स्थानले धार्मिक, सांस्कृतिक महत्व बोकेको छ ।

सन् २०११ को तथ्याङ्क अनुसार यहाँको जनसङ्ख्या ५,८९२ र १,५०८ घरधुरी रहेको छ । उक्त स्थानका बासिन्दाहरू जागिर, व्यापार, वैदेशिक रोजगारी आदिमा संलग्न भए पनि मुख्य आयको स्रोत कृषि नै रहेको छ । विभिन्न जातजातिहरू ब्राह्मण, क्षेत्री, ठकुरी तथा दलित समुदायको बसोबास रहेको छ ।

कास्कीकोटको मौलामा महिला सहकारी संस्था तथा युवा क्लबहरूले समाज विकासका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् । ओम शान्ति समूह, एकता दिदीबहिनी समूह र छिमेकी समूहका ८६ जना सदस्यहरू यस अध्ययनको क्षेत्रभित्र परेका छन् । समूहहरूले बचत तथा लगानी, सरकारी तथा गैरसरकारी संस्थाहरूसँगको समन्वयमा चेतनामूलक तालिम, आयमूलक तथा क्षमता विकास तालिम, अवलोकन भ्रमण,

खानेपानी योजना, शौचालय निर्माण, समूह भवन निर्माण जस्ता कार्यक्रमहरू सञ्चालनगर्दै महिलाहरूको सशक्तीकरणमा उल्लेख्य योगदान दिएको पाइन्छ ।

## ४.२ उमेरको आधारमा उत्तरदाताको विवरण

धेरैजसो बालबालिका वा युवाभन्दा प्रौढ महिलाहरूनै समूहमा सहभागी हुने गरेको भेटियो । युवा अवस्थामा महिलाहरू अध्ययनमा आफ्नो भविष्य निर्माणको लागि लाग्ने तथा घर परिवार सञ्चालनको जिम्मेवारीमा पनि नहुने भएकाले समूहमा बस्ने गर्दैनन् । उमेरले सानो ठूलो बालक युवा र वृद्ध अवस्था छुट्ट्याउने गर्छ । जब आर्थिक तथा सामाजिक जिम्मेवारीहरू आउँछन्, तब परिवार समाज टोल छिमेकसँगको सहकार्यको आवश्यकता महसुस हुँदै जाने गर्छ । महिला समूहमा सहभागी महिलाहरूविभिन्न उमेर अन्तरालका छन् भनेर विश्लेषण गरिएको छ

**तालिका ४.१ : उमेरको आधारमा समूहमा सदस्यहरूको विवरण**

| उमेरगत विवरण | जना | प्रतिशत |
|---|---|---|
| ४० देखि माथि | ४३ | ५० |
| ३१ देखि ४० | २३ | २६.७४ |
| २१ देखि ३० | २० | २३.२६ |
| जम्मा | ८६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

२१ देखि ३० वर्षका सदस्यहरू २० जना अर्थात् २३.२६ प्रतिशत, ३१ देखि ४० वर्षका महिला सदस्यहरू २३ जना अर्थात् २६.७४ प्रतिशत साथै सबैभन्दा बढी४० वर्षमाथिका सदस्यहरू ४३ अर्थात् ५० प्रतिशत रहेका छन् । बढी उमेरका महिलाहरू समूहमा समावेश हुनुमा आर्थिक, सामाजिक तथा साँस्कृतिक जिम्मेवारी बढी हुनु, बढी उमेरका महिलाहरू परिवार तथा समाज छोडेर बाहिर नजानु जस्ता कारणहरू रहेको पाइयो ।

## ४.३ धर्मगत विवरण


धर्म एक अलौकिक विश्वास हो । धार्मिक मानिसले आफूले गरेको विश्वासबाट आनन्द प्राप्त गर्दछ । धर्मको आधारमा समाजमा भएका सँस्कारहरू फरक-फरक हुने

गर्छन् । सामाजिक चालचलन रहनसहन तथा मूल्य मान्यताहरूमा भिन्नता रहने गर्छ । धर्म अनुसार सामाजिकीकरण पनि भिन्न भएको हुदा धार्मिक रूपमा महिलालाई दिइने मान्यतहरू भिन्नै रहेको पाइन्छ । अध्ययनमा उपलब्ध तथ्याङ्कको विश्लेषण गर्दा समूहका सदस्यहरू सबै जनाअर्थात ८६ जना सदस्यहरूले नै हिन्दु धर्म मान्ने रहेको पाइएको छ

## ४.४ जातजातिगत विवरण

समाज विभिन्न जाति व्यवस्थामा विभाजित छ । जातजातिका आधारमा आफ्नै मूल्य मान्यता, चालचलन तथा सँस्कारको निरन्तरता इतिहासदेखि नै हुँदै आएको छ । जाति अनुसारको विभिन्न कार्यक्षेत्रहरूको विभाजन पनि गरिएको छ । स्रोत साधनमा भएको पहुँचको अवस्था, आर्थिक, सामाजिक र साँस्कृतिक नीति नियम, जातजाति अनुसार हुने सँस्कृति आदिबाट महिलाको आर्थिक तथा सामाजिक अवस्थामा भिन्नता पाइन्छ । अध्ययन गरिएको समूहका सदस्यहरूको तथ्याङ्क विश्लेषण गर्दा आएको नतिजा तल प्रस्तुत गरिएको छ ।

**चित्र ४.१ : जातजातिको आधारमा उत्तरदाताको विवरण**




चित्र४.१ अनुसार समूहमा रहेका सदस्यहरूमा दलित महिलाहरूको सहभागिता बढी रहेको देखिन्छ । नेपाली ३४ जना, परियार १० जना, विश्वकर्मा १० जना, सुवेदी १६ जना तथा भुजेल १६ जना रहेको पाइयो ।समूहको विभिन्न क्रियाकलापले जगाएको चेतनाको कारण समूहमा दलित महिलाको सहभागिता समूहमा राम्रो देखिन्छ ।

## ४.५ पेशागत विवरण

पेशा आर्थिक आम्दानीको स्रोत हो । कतिपय पेशाहरू समाजमा विगतदेखि चल्दै आएको वंश अनुसारको हुन्छ भने आधुनिक समाजको पेशा आर्जित हुन्छ । वंशगत रूपमा चल्ने पेशाहरूको पनि स्वरूप परिवर्तन हुँदै अर्थ उपार्जनको माध्यम बन्दै गएको पाइन्छ । पेशाको आधारमा आम्दानी निर्भर गर्छ र आम्दानीको आधारमा मानिसको जीवनशैली, शिक्षा लगायत सशक्तीकरण निर्भर रहने गर्छ । अध्ययन गरिएका समूहका सदस्यहरू कुन-कुन पेशामा सहभागी छन् भन्ने विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२ : समूहका सदस्यहरूको पेशागत विश्लेषण**

| पेशागत विवरण | जना | प्रतिशत |
|---|---|---|
| कृषि | ७४ | ८६.०४ |
| जागिर(होटल तथा निर्माण क्षेत्रमा मजदुरी) | १० | ११.६३ |
| व्यापार | २ | २.३३ |
| जम्मा | ८६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

माथि उल्लिखित तथ्याङ्कहरूको विश्लेषण गर्दा कृषि कार्यमा संलग्न महिलाहरू ७४ जना अर्थात् ८६.०४ प्रतिशत देखिन्छन् । पहिलाको तुलनामा कृषि व्यवसायमा संलग्न सदस्यहरूको सङ्ख्या नघटे पनि निर्वाहमुखी कृषि प्रणालीमा सुधार आएको छ ।घरको कामकाज तथा कृषि कार्यमा मात्र सहभागी महिलाहरू समूहमा सहभागी भए पश्चात् भएको क्षमता विकासको कारण २ जना अर्थात् २.३३ प्रतिशत महिला सिलाइ तथा किराना पसलको व्यवसाय गर्ने भएका छन्। साथै १० जना अर्थात् ११.६३ प्रतिशत सदस्यहरू होटल तथा निर्माण क्षेत्रमा जागिर गर्ने भएका छन् । समूहको प्रभावको कारण सदस्यहरू आयमूलक क्रियाकलापमा संलग्न हुने क्रम बढेको पाइयो ।

## ४.६ वैवाहिक अवस्था

विवाह समाजको अभिन्न सामाजिक संस्था हो । विवाहले समाजमा स्त्री र पुरुषलाई सँगै बस्ने र पुस्ता हस्तान्तरणको जिम्मेवारी दिने गर्छ । विवाह मानवीय आवश्यकता तथा सामाजिक चलन तथा समाजलाई व्यवस्थित गर्ने प्राकृतिक नियम पनि हो । मानव

समाजलाई अगाडि बढाउनको साथै सामाजिक अस्तव्यस्तताको नियन्त्रण गर्नको लागि पनि विवाह आवश्यक पर्छ ।

**तालिका ४.३ : वैवाहिक अवस्थाको आधारमा समूहका सदस्यहरूको विवरण**

| वैवाहिक स्थिति | जना | प्रतिशत |
|---|---|---|
| विवाहित | ८४ | ९७.६८ |
| एकल | २ | २.३३ |
| जम्मा | ८६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

समूहमा सहभागी भएका ८४ जना महिलाहरू विवाह भएका र २ जना महिलाहरू एकल महिला रहेको पाइएको छ । विवाहित महिलाहरूले घर व्यवहारलाई ध्यान दिनु पर्ने हुदा विवाहित महिलाहरू समूहमा सहभागी हुने गरेको पाइयो ।

## ४.७ शैक्षिक विवरण

शिक्षा लिनु कुनै विषयमा ज्ञान आर्जन गर्नु हो । शिक्षाले मानिसको चेतना तथा व्यावहारिक पक्षको विकासमा सहयोग गर्छ । आर्थिक अवस्था कमजोर तथा शिक्षाको आवश्यकता सम्बन्धी चेतनाको कमी लगायत कारणले गर्दा नेपालको शैक्षिक अवस्थामा आाशा गरिएजस्तो सफलता हासिल गर्न नसकेको अवस्था छ । महिलालाई अर्काको घर जाने जातको दृष्टिकोणबाट व्यवहार गरेको कारण अझैपनि महिलाहरूको शैक्षिक अवस्था झनै कमजोर हुन गएको देखिन्छ । अध्ययनबाट प्राप्त तथ्याङ्कलाई तालिकामा यसरी प्रस्तुत गरिएको छ ।

**तालिका ४.४ : शिक्षाको आधारमा समूहका सदस्यहरूको विवरण**

| शैक्षिक अवस्था | जना | प्रतिशत |
|---|---|---|
| निरक्षर | ४४ | ५१.१६ |
| एस.ई.ई. सम्म | २७ | ३०.२४ |
| उच्च शिक्षा | ९ | १०.४६ |
| १ देखि ५ सम्म | ७ | ८.१४ |
| जम्मा | ८६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका ४.४ अनुसार निरक्षर महिला सदस्यहरूको बाहुल्यता रहेको पाइन्छ । निरक्षर सदस्य ४४ जना अर्थात् ५१.१६ प्रतिशत, १ देखि ५ सम्म अध्ययन गरेका ७ जना अर्थात् ८.१४ प्रतिशत, एस.ई.ई. सम्म अध्ययन गरेका २७ जना अर्थात् ३०.२४ प्रतिशत र उच्च शिक्षा अध्ययन गर्ने ९ जना अर्थात् १०.४६ प्रतिशत रहेको छ । निरक्षर महिला सदस्यहरूको बाहुल्यता रहनुमा समाजमा महिलालाई अर्काको भित्ता टाल्ने जातको रूपमा लिएकोले शिक्षाको अवसरबाट वञ्चित गराइनु, महिलामा पनि अझ पछाडि पारिएको समुदाय दलित तथा जनजाति सदस्यहरू बढी रहनु आदि कारण रहेको पाइयो ।

# अध्याय पाँच : सामाजिकसशक्तीकरणमा समूहको भूमिकाको विश्लेषण

समाजले व्यक्तिलाई महिला र पुरुष भएका कारण अझैपनि परम्परा,मान्यता, सँस्कार, व्यवहार, धर्म आदिका आधारमा लैङ्गिक भूमिका निर्माण गरेको पाइन्छ । महिला र पुरुषलाई लैङ्गिकताको आधारमा भूमिकाहरू दिइएको पाइन्छ । छोरीहरू विद्यालय जान हुँदैन, घरधन्दामा लाग्नुपर्छ, माइतको इज्जतको ख्याल गर्नुपर्ने हुन्छ भने छोराहरूलाई घरबाहिर जानुपर्छ, कमाउनु पर्छ, टाठोबाठो बन्नुपर्छ, घरभित्रको काममा संलग्न हुनुहुँदैन भन्ने खालको सामाजिक मान्यताहरूले महिलालाई घरभित्रको काममा नै सीमित गरेको छ । बिगतमा पनि श्रम विभाजन विशुद्ध नैसर्गिक किसिमको थियो जसले लिङ्गभेदको आधारमा बाँडफाँड गर्दथ्यो । पुरुषहरू लडाइँमा भाग लिन्थे, शिकार खेल्न जान्थे, माछा मार्थे, कच्चा खाद्य पदार्थ जम्मा गर्थे र यी सबै कामका लागि आवश्यक औजारहरू बनाउँथे । महिलाहरू घरको काम गर्ने गदर्थे । प्रत्येक आफ्नो क्षेत्रको मालिक हुन्थ्यो, पुरुष जङगलको त महिला घरको । हरेक आफूले बनाएको र प्रयोगमा ल्याएका वस्तु र औजारहरूको स्वामी हुन्थ्यो । पुरुष औजारहरूको शिकार खेल्ने हतियार र माछा मार्ने बल्छीहरूको त महिला घरायसी सरसामान भाँडाकुडा आदिको(एङ्गेल्स २०५६) ।

समाजमा खानदानी परिवार सम्पन्नता र धार्मिक परम्पराहरू पुगीसरी आएका मानसिकताका विशेषता थिए, पढ्नु, लेख्नु, स्वतन्त्रतापूर्वक घुम्न पाउनु, सभा समारोहमा पुरुषसरह नै भाग लिन पाउनु आदि कुराको खोजी गर्नु भनेको समाज र परिवारसँग निहु खोज्नु नै हुन्थ्यो (सिंह,२०५१)

कास्कीकोटको मौलामा रहेका महिलाहरू समूह गठन मार्फत सदस्यहरूको सामाजिक सशक्तीकरणमा भएका प्रयास तथा उपलब्धिहरूको विश्लेषण यस अध्ययनमा गरिएको छ । सीपमूलक तथा क्षमता विकासका तालिमहरू, स्थानीय सकारात्मक सँस्कारहरूको संरक्षण, समूहको भवन निर्माण, शौचालय तथा खानेपानी निर्माण, समूहमा गरिने छलफल जस्ता क्रियाकलापहरूबाट महिलाको सामाजिक सशक्तीकरणमा टेवा पुगेको पाइन्छ । शिक्षाको अवसरबाट वञ्चित रहेका सदस्यहरूको लागि सञ्चालन गरिएको

चेतनामूलक तथा जानकारीमूलक क्रियाकलापहरूबाट महिलाहरूले आफ्नो अभिमत समूहको अगाडि राख्न सक्ने क्षमता तथा आत्मविश्वासको विकास भएको महसुस गरेका छन् ।

## ५.१ समूहमा सहभागी हुने प्रेरणा

महिलाहरूलेआफ्नो हक अधिकार खोसिएको वा दमनमा परेको अनुभव गरेको कारण उक्त समस्याको निकासका लागि उपायहरू खोज्ने गर्छन् । कतिपय समाधानका स्रोतहरू आफैं पत्ता लगाउँछन् भने कतिपय अवस्थामा परिवार, छिमेकी तथा साथीभाइको सहयोग तथा सल्लाहको आवश्यकता पर्छ । समूहमा कसरी सहभागी हुनुभयो ?भन्ने जिज्ञासाको उत्तर तलको तालिकाबाट प्राप्त गर्न सकिन्छ ।

**तालिका ५.१ : समूहमा सहभागी हुने प्रेरणाको आधारमा सदस्यहरूको संरचना**

| प्रेरणाको स्रोत | जना | प्रतिशत |
|---|---|---|
| साथीबाट | ५० | ५८.१४ |
| आफैं | २५ | २९.१ |
| परिवार | ११ | १२.८ |
| जम्मा | ८६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका ५.१ अनुसार आफैं समूहमा सहभागी हुने २५ जना अर्थात् २९.१ प्रतिशत, साथीको प्रेरणाले समूहमा सहभागी हुने ५० जना अर्थात् ५८.१४ प्रतिशत र परिवारको सल्लाहमा समूहमा सहभागी हुने ११ जना अर्थात् १२.८ प्रतिशत देखिन्छ । तालिकामा प्राप्त नतिजाको अनुसार साथीको सल्लाहको कारण समूहमा सहभागी बन्नेहरू धेरै देखिन्छन् साथै अन्यले दिएको सल्लाहभन्दा साथीको सल्लाह सुझावलाई बढी मान्ने परिपाटी रहेको प्रस्ट हुन्छ ।

## ५.२ समूहमा सहभागिताको कारण

कुनै पनि कार्य गर्नको लागि उद्देश्यले निर्देशित गरेको हुन्छ । व्यक्तिले कुनै काम गर्नको लागि उक्त कार्यले दिने फाइदा-बेफाइदाको विषयको विश्लेषण गर्छ र सो विश्लेषणको आधारमा अगाडि बढ्ने वा नबढ्ने निर्णय गर्छ । समूहमा सहभागी भएर समूहले सञ्चालन गर्ने हरेक क्रियाकलापमा सक्रिय सहभागिताको लागि समय लगानी

गनुपर्ने हुन्छ । समूहमा सहभागिताको कारण आधारमा गरिएको अध्ययनबाट आएको तथ्याङ्कतलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२ : समूहमा सहभागी हुने कारणको आधारमा सदस्यहरूको विवरण**

| विवरण | जना | प्रतिशत |
|---|---|---|
| माथिका सबै (वचत, क्षमता विकास र सीप) | ३७ | ४०.०२ |
| क्षमता विकास गर्नको लागि | २६ | ३०.२४ |
| बचत तथा लगानी गर्नको लागि | २३ | २६.७४ |
| जम्मा | ८६ | १०० |


*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका ५.२ का अनुसार समूहमा सहभागी हुनुको कारण (बचत तथा लगानी गर्नको लागि, क्षमता विकास गर्नको लागि र सीप सिकेर व्यवसाय गर्न) माथिका सबै भन्ने सदस्यहरू बढी पाइयो । अन्य ठाउँहरूमा समूहबाट महिलाहरूमा आएको परिवर्तन तथा भएको सशक्तीकरणको कारण परिवर्तनको उद्देश्य राखेको पाइयो । तालिकामा देखिए अनुसार बचत तथा लगानी गर्नको लागि २३ जना अर्थात् २६.७४ प्रतिशत, क्षमता विकास गर्नको लागि २६ जना अर्थात् ३०.२४ प्रतिशत र माथिका सबै भन्नेमा ३७ जना अर्थात् ४०.०२ प्रतिशत रहेको देखियो ।सदस्य अनुसार कुन फाइदालाई महत्त्व दिने भन्ने विषय समूहका सदस्य अनुसार फरक-फरक हुन्छ तर पनि समूहमा सहभागिता हुँदा केही ने केही फाइदा छ भन्ने कुरा प्रस्ट भएको छ ।

## ५.३ समूहमा सहभागी हुादाको फाइदा

सबै क्रियाकलापको फाइदा बेफाइदा विश्लेषण पश्चात् व्यक्तिले उक्त कार्य गर्ने गर्छ । बेफाइदा हुने गरी त समय लगानी र मिहिनेत कसैले गर्दैन । समूहमा सहभागी भए पश्चात् समूहका सदस्यहरू विभिन्न फाइदाबाट लाभान्वित भएका छन् । तिनै फाइदा तथा उपलब्धिका कारण सदस्यहरू समूहमा कटिबद्ध भएर लागेका छन् । अध्ययनमा सहभागी सदस्यहरूका अनुसार धेरै सदस्यहरू तीन वर्षभन्दा बढी समयबाट समूहमा आबद्ध भएका छन् । बिनाउपलब्धि र आत्मसन्तुष्टि लामो समयसम्म कोही पनि समूहमा रहन सक्दैन । अध्ययनमा संलग्न सदस्यहरूले दिएको उत्तर वा व्यक्त गरेको भावना तल तालिकामा प्रस्तुत छ ।

**चित्र ५.१ : समूहमा सहभागी हुनाले भएका फाइदाको आधारमा सदस्यहरूको विवरण**




*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

चित्र ५.१ मा भएको विश्लेषण अनुसार माथिका सबै (सुलभ ब्याजदरमा ऋण पाइन्छ, बचत भएको छ र साथीहरूसँग सम्बन्ध राम्रो भएको छ) भन्ने सदस्यहरूको बाहुल्यता देखिन्छ । समूहले सञ्चालन गरेको विभिन्न क्रियाकलापहरूले सदस्यहरूमा चेतनाको विकास भएको पाइन्छ । आम्दानी अनुसारको रकम बचत गर्ने, कम ब्याज पर्ने ठाउँमा ऋण लिने तथा छिमेकमा भएका दिदीबहिनीहरूसँग भलाकुसारी जस्ता विषयहरूमा सदस्यहरूले आफैंलाई परिवर्तन गरेको पाइयो ।

## ५.४ समूहमा सहभागिताप्रति पुरुषको धारणा

महिलाले गर्ने हरेक क्रियाकलापमा घरमा भएको श्रीमान्, छोरा वा दाजुभाइको निर्णायक भूमिका रहने परीपाटी पाइन्छ ।समुदायमा महिलाहरूले सकारात्मक क्रियाकलाप सञ्चालन गर्नको लागि पनि पुरुषको निर्णय वा साथ खोज्नुपर्ने हुन्छ । महिलाहरू क्षमता विकासमा वा सशक्तीकरणमा लागेको अवस्थामा पुरुषको सकारात्मक धारणा नहुँदा कतिपय कार्यक्रम सम्पन्न हुन नसकेको साथै परिवार तथा समाजमा झमेला हुने गरेका उदाहरणहरू पनि प्रशस्त छन् ।प्राप्त तथ्याङ्कअनुसार महिलाहरू समूहमा सहभागी भएकोमा सतप्रतिशत अर्थात् ८६ जना सदस्यकै परिवारका पुरुषहरू सकारात्मक रहेको पाइयो ।

*वैयक्तिक अध्ययन-१*

*एस.एल.सी. सम्मको अध्ययन गर्ने मौका पाएकी देवी सुवेदी ३८ वर्षकी भइन् । चार जनाको परिवार रहेको उनका छोराछोरी विद्यालयमा पढ्दै छन् । कृषि नै मुख्य पेशा रहेको उनको घरायसी तथा अर्थ उपार्जन नहुने खालको काममा नै दिनचर्या बित्ने गर्दथ्यो । हरेक विषयमा परिवारले दिएको निर्णयलाई कार्यान्वयन गर्नुपर्ने अवस्था थियो । घर परिवार बाहिरको वातावरणको विषयमा खासै जानकारी थिएन ।*

*गाउँमा ओम शान्ति समूहको गठन भएकाले उनी पनि त्यस समूहको सदस्य बनिन् । समूहले गर्ने हरेक क्रियाकलापमा सहभागी हुँदै गइन् । उनलाई समूहमार्फत सञ्चालन हुने कार्यक्रमबाट धेरै विषयमा जानकारी हुँदै गयो । समाजका दिदीबहिनीहरूसँग सम्बन्ध बढ्दै गयो । महिला भएको कारण पछाडि हट्ने होइन अगाडि बढ्नुपर्छ भन्ने धारणाको विकास भयो । घरमा भएका पुरुषहरूले पनि अगाडि बढ्नको लागि हौसला दिँदै सहयोग गर्न थाले । परिवार तथा समूहमा भएका दिदीबहिनीहरूले दिएको आँटले आत्मविश्वास बढ्दै गएको कारण वडा सञ्चालनको लागि नेपाल सरकारको अवधारणा अनुसार वडा संयोजक बनेर वडाको नेतृत्व गर्ने मौका पनि प्राप्त भयो । समाजमा हुने विभिन्न विकास निर्माणको कार्यमा गठन हुने समितिको मुख्य भूमिकामा रहेर काम गर्न थालिन् । उनको कार्यक्षमताको कारण हिजोआज समाजका पुरुषहरूले समाजको हरेक क्रियाकलापमा महिलाहरूको पनि सक्रिय भूमिकाको आवश्यकता महसुस गरेका छन् ।*

*समूहमा सहभागी भएको कारण क्षमता विकास भएको छ । समाजको विकासको लागि नेतृत्व लिने आत्मविश्वास बढेको अनुभव सुनाउँछिन् । उनी भन्छिन् "समूह नभएको भए सायद घरायसी कामकाजमा नै जिन्दगी बित्थ्यो होला ।" त्यसैले उनी समूहमार्फत कार्य गर्नको लागि हौसला दिन्छिन् सबैलाई ।*

## ५.५ घरायसी निर्णय प्रक्रियामा सहभागिता

समाजमा अझै पुरुषबादी सोचको जरा भने उखेल्न सकिएको अवस्था छैन । पुरुषहरूले घरका महिलालाई आफ्नो काबुमा राख्नको लागि सामाजिक, धार्मिक, साँस्कृतिक चालचलन तथा रहनसहनलाई निरन्तरता दिन चाहेको पाइन्छ । घरायसी निर्णय प्रक्रियामा सहभागिताको आधारमा लिएको विवरण अनुसार समूहका सतप्रतिशत वा ८६ जना

सदस्यकोनै घरायसी निर्णय प्रक्रियामा सहभागिता रहेको पाइयो । परिवारमा रहेर पनि परिवारको सदस्यको रूपमा व्यवहार नपाएका महिलाहरूले समूहमा पाएको चेतना, ज्ञान र आर्थिक विकासको तथा सदस्यहरूमा भएको सशक्तीकरणको कारण परिवारले गर्ने हरेक निर्णयमा समान सहभागिताको अवसर पाएका छन् ।जसलाई समूहले महिला सशक्तीकरणमा खेलेको भूमिकाको रूपमा पाइयो ।

## ५.६ समूहको निर्णय प्रक्रिया

समूह विभिन्न फरक सँस्कार परिवार तथा धारणा भएका तथा विभिन्न पृष्ठभूमिबाट आएका सदस्यहरूको जमात हो । कुनै पनि विषयमा हरेक व्यक्तिको फरक दृष्टिकोण रहेको हुन्छ । सहभागितामूलक तरिकाबाट कार्यक्रमहरू सञ्चालन गर्नको लागि समूहमा रहेका सबै सदस्यहरूको रायलाई समेट्नुपर्ने हुन्छ । कुनै समय थियो जुनबेला समूहमा नेताले भनेको राय वा धारणालाई अन्तिम निर्णयको रूपमा अन्य सदस्यहरूले मान्नुपर्ने हुन्थ्यो तर समय परिवर्तन भएको छ । समूहमा सञ्चालन भएका क्रियाकलापहरू कसरी सञ्चालन हुन्छन् भन्ने विषयमा उत्तरदाताहरूको धारणा तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.३ : समूहमा सञ्चालन गरिने क्रियाकलापको निर्णयको आधारमा सदस्यहरूको विवरण**

| विवरण | जना | प्रतिशत |
|---|---|---|
| समूहमा छलफल गरेर | ८४ | ९७.६८ |
| नेतृत्वको एकल निर्णयबाट | २ | २.३३ |
| जम्मा | ८६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका ५.३ का अनुसार समूहमा छलफल गरेर ८४ जना अर्थात् ९७.६८ प्रतिशत, नेतृत्वको एकल निर्णयबाट भन्नेमा २ जना अर्थात् २.३३ प्रतिशत रहेको पाइन्छ । समाजको आर्थिक तथा सामाजिक रूपमा अगाडि रहेका व्यक्तिहरूले गरेको निर्णयलाई विश्लेषण नगरीकन ताली पिटेर समर्थन जनाउने महिलाहरू समूहमा सहभागी भएर पाएको चेतनाको कारण समूहले गर्ने हरेक विषयको छलफलमा आफ्नो राय राख्न तथा सही गलत विश्लेषण गर्न सक्ने भएको पाइयो ।


## ५.७ समूहमा हुने छलफलमा सहभागिता

समाजमा महिलाहरू पुरुषले गरेको निर्णयलाई कार्यान्वयन तथा शिरोपर गर्ने अवस्थामा हुन्छन् । हिन्दू समाजमा श्रीमान्लाई देवता मान्ने कारणले गर्दा श्रीमान्को निर्णय तथा कुनै विषयमा आफ्नो राय राख्ने गर्दैनन् । आफ्ना विचारहरू, धारणाहरूलाई मनैमा नै खुम्च्याएर बस्नुको पीडा कम दुःखद हुँदैन । घर तथा छिमेकमा चुपचाप बसेको बानी लागेका तथा आफ्नो विचार राख्ने मौका नपाएका दिदीबहिनीहरूलाई समूहको अगाडि आफ्नो विचार पोख्ने साहस बटुल्न पनि सङ्घर्ष नै गर्नुपर्ने अवस्था थियो । समूहले सञ्चालन गरेको क्रियाकलापहरूमा सहभागी हुदै जाँदा सतप्रतिशत अर्थात ८६ जना सदस्यहरूमा हरेक विषयगत रूपमा आफ्ना विचारहरू व्यक्त गर्न सक्ने क्षमताको विकास भएको पाइयो ।

## ५.८ समूहको नेतृत्व छान्ने प्रक्रिया

कुनै पनि क्रियाकलाप सञ्चालन गर्नको लागि अगुवाको आवश्यकता पर्छ । समूहमा विभिन्न परिवारबाट फरक-फरक धारणा भएका व्यक्तिहरूको सहभागिता हुन्छ । कुनै पनि विषयमा छलफल हुँदै गर्दा सदस्यहरू अनुसार भिन्न खालका धारणा तथा विचारहरू व्यक्त हुन्छन् । सबै विचारहरू सकारात्मक हुन्छन् भन्ने छैन । सबै विचारहरूको कदर गर्दै समूहको निरन्तरताको लागि समूहले सञ्चालन गर्ने क्रियाकलापको निर्णय गर्नुपर्ने हुन्छ । उक्त निर्णय प्रक्रियाको सहजीकरणको लागि नेतृत्वको आवश्यकता पर्छ । सधैंभरि एक जनाले मात्र नेतृत्व गर्न सक्दैन । समय अनुसार परिवर्तन गनुपर्ने हुन्छ । नेतृत्व छान्ने प्रक्रियाबारे उत्तरदाताको धारणा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**चित्र ५.२ : समूहको नेतृत्व छान्ने प्रक्रियागत धारणाको आधारमा सदस्यहरूको विवरण**




*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

चित्र ५.२ अनुसारसहमतिमा नेतृत्व छानिन्छ भन्ने सदस्यहरू ७७ जना अर्थात् ८९.५३ प्रतिशत र आलोपालो नेतृत्व गरिन्छ भन्ने उत्तरदाता ९ जना अर्थात् १०.४६ प्रतिशत रहेका छन् ।सदस्यहरूले चुनावबाट नेतृत्व छान्दा समूहमा विवाद आउन सक्छ भन्ने विषयलाई राम्रोसँग बुझेको देखिन्छ । समूहमा सञ्चालन गरिने हरेक क्रियाकलाप जस्तै नेतृत्व पनि सहमतिमा नै छान्न सकेमा समूहको निरन्तरतामा सहजता आउने कुरामा समूहका सदस्यहरू निश्चिन्त देखिन्छन् । हरेक क्रियाकलापहरू सहमति तथा सहकार्यमा नै सञ्चालन गर्नुपर्छ भन्ने भावना तथा चेतनाको विकासमा पनि समूहले सञ्चालन गरेको विभिन्न क्रियाकलापको नै भूमिका रहेको प्रस्ट देखिन्छ ।

## ५.९ पारिवारिक हैसियतमा आएको परिवर्तन

समाजको चालचलन तथा सामाजिक सँस्कारको कारणले गर्दा परिवारमा महिलालाई हेर्ने दृष्टिकोण तथा दिइने भूमिका पनि फरक-फरक नै हुने गर्छ । परिवारमा पनि महिलाहरू छोरी हुँदा अभिभावकको, विवाहमा पश्चात् श्रीमान्को र उमेर ढल्केपछि छोराको मातहतमा रहने गरेको पाउन सकिन्छ । परिवारमार्फत हुने हरेक क्रियाकलापमा हुने निर्णयहरू प्रायः जसो श्रीमान्को नै निर्णय हुने गर्दछ । परिवारमा महिलाको भूमिका तथा जिम्मेवारी भनेको छोराछोरी जन्माउने, हुर्काउने तथा घरायसी कामकाजमा व्यस्त हुने खालका मात्र हुन्छन् जसबाट नगद आम्दानी हुँदैन । समूहमा सहभागी भए पश्चात् सदस्यहरूको पारिवारिक हैसियत र भूमिकामा परिवर्तन आएको नआएको बारेमा उत्तरदाताको धारणालाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.४ : पारिवारिक हैसियतमा आएको परिवर्तनको आधारमा सदस्यहरूको विवरण**

| विवरण | जना | प्रतिशत |
|---|---|---|
| पारिवारिक भूमिकामा सुधार भएको छ | ७० | ८१.४ |
| ठीकै | १५ | १७.४४ |
| पारिवारिक भूमिकामा सुधार भएको छैन | १ | १.२ |
| जम्मा | ८६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका ५.४ अनुसार ७० जना अर्थात् ८१.४ प्रतिशत उत्तरदाताले पारिवारिक हैसियतमा सुधार आएको छ । पारिवारिक हैसियत तथा भूमिकामा परिवर्तन आउनुमा

समूहमा महिला दिदीबहिनीहरूको सहभागिता हो भन्ने देखिन्छ । समूहले सञ्चालन गरेका चेतनामूलक कार्यक्रमहरू, महिला अधिकारको विषयमा गरेका पैरवीहरू तथा क्षमता विकासका तालिमहरूले महिलाहरूमा चेतना तथा ज्ञानको स्तर बढेको छ ।

***वैयक्तिक अध्ययन-२***

*माया नेपाली ३१ वर्षकी भइन् । दुई छोरीहरू विद्यालयमा अध्ययनरत छन् । परिवारमा चार जना सदस्य छन् । आयमूलक कुनै काम नभएको हुँदा सामान्य चुलोचौकोको काममा नै दिन बित्थ्यो । श्रीमान्को कमाइमा नै भर पर्नुपर्ने हुन्थ्यो । परिवारमा निर्णयको लागि कुनै भूमिका हुँदैनथ्यो । परिवारभन्दा बाहिरको समाजको बारेमा खासै जानकारी हुँदैनथ्यो । श्रीमान्को निर्णयमा नै परिवार चल्ने अवस्था थियो ।*

*उनले समाजमा एकता दिदीबहिनी समूह गठन गर्ने क्रममा समूहको सदस्य बन्नको लागि परिवारलाई सहमत गराएर समूहको सदस्य बनिन् । समूहमा हुने हरेक बैठक तथा कार्यक्रमहरूमा सहभागी हुन थालिन् । परिवारभन्दा बाहिरको संसार निकै फरक रहेको र जान्न तथा सिक्न पर्ने विषयहरू धेरै रहेको अनुभव उनलाई भयो । उनलाई विभिन्न खालको क्षमता विकासका तालिम तथा अवलोकन भ्रमणमा सहभागी हुने अवसर पनि प्राप्त भयो । उनले समूहमार्फत कम ब्याजमा ऋण लिएर कुखुरा पालनमार्फत स्वरोजगारमूलक काम प्रारम्भ गरिन् ।*

*आर्थिक रूपमा आत्मनिर्भर बनेपछि हरेक कार्यको लागि श्रीमान्को भर पर्नुपर्ने अवस्थामा सुधार हुँदै गयो । समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन हुँदै गयो । परिवारमा पहिलेको हैसियतमा फरक आएको छ । समूहको नेतृत्व गर्ने क्षमताको विकास भएको छ । समस्या पर्दा कुनै पनि निकायमा गएर अधिकारको लागि वकालत गर्ने आत्मविश्वास बढेको छ । महिलाको अधिकार र विकासको लागि पैरवी गर्न सक्षम भएकी माया यी सबै उपलब्धिको श्रेय एकता दिदीबहिनी समूहलाई नै दिन्छिन् ।*

## ५.१० न्यायको लागि पहल

शिक्षाको अवसरबाट वञ्चित भएका दिदीबहिनीहरू आफ्नो अधिकारको विषयमा पनि कमै मात्र जानकार छन् । पुरुष प्रधान समाजले गरेको अन्यायको बारेमा सचेत नभएर वा भएर पनि सो विषयमा आवाज उठाउने क्षमताको अभावले गर्दा महिलाहरू अन्यायलाई

पनि भाग्यको फलको रूपमा स्वीकार्न बाध्य छन । अन्यायमा परेको थाहा हुँदाहुँदै पनि न्यायको पहल गर्न नसक्ने अवस्थाको व्याख्या गर्न सहज छैन । दिदीबहिनीहरू अहिलेसम्म सोही अवस्थाको शिकार भएर बसेका छन् । समाजले दिएको चोटलाई सहनेभन्दा बाहेक अन्य विकल्प देख्दैनन् । समूहमा सहभागी भएपश्चात् अन्यायमा पर्दा न्यायको लागि पहल गर्नुभएको छ वा छैन ? भन्ने प्रश्नको आधारमा प्राप्त उत्तरलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.५ : न्यायको लागि पहल गर्ने र नगर्ने उत्तरदाताहरूको विवरण**

| विवरण | जना | प्रतिशत |
|---|---|---|
| न्यायको लागि आवाज उठाउने | ८२ | ९५.३५ |
| न्यायको लागि आवाज नउठाउने | ४ | ४.६५ |
| जम्मा | ८६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका ५.५ अनुसार अन्यायमा पर्दा न्यायको लागि पहल गर्ने सदस्यहरूको सङ्ख्या धेरै छ । समूहमा सहभागी भए पश्चात् महिलाहरू कुन-कुन क्षेत्रमा, कसरी अन्यायमा परेका छन् र सो अन्यायमा न्याय पाउनको लागि पहल कसरी कुन निकायमा गर्नुपर्छ भन्ने विषयमा सचेत भएका छन् । महिला सशक्तीकरणमा समूहले पारेको प्रभावको नतिजा नै महिलाहरू अन्यायमा पर्दा न्यायको लागि आवाज उठाउने सदस्यहरूको बाहुल्यता रहनु हो भन्ने विषय प्रस्ट भएको छ ।

## ५.११ कानुनले महिलालाई दिएको अधिकारको जानकारीबारे अभिमत

अधिकारबाट वञ्चित महिला वर्गको लागि कानुनले विभिन्न अधिकारहरू प्रदान गरेको छ । पाउन सक्ने अधिकारको बारेमा जानकार नभएको कारण महिलाहरूले अझै उपलब्ध अधिकारलाई प्रयोग गर्न नसकेको अवस्था रहेको छ । महिलालाई कानुनले दिएको अधिकारको बारेमा जानकारीको अवस्थाको विषयमा सोधिएको प्रश्नको उत्तरको आधारमा गरिएको विश्लेषण निम्न प्रकार छ ।

**तालिका ५.६ : कानुनले महिलालाई दिएको अधिकारको जानकारीबारे अभिमत**

| विवरण | जना | प्रतिशत |
|---|---|---|
| जानकारी छ | ५४ | ६२.८ |
| अलि-अलि मात्र | २७ | ३१.४ |
| जानकारी छैन | ५ | ५.८ |
| जम्मा | ८६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका ५.६ अनुसार ५४ जना अर्थात् ६२.८ प्रतिशतले कानुनी अधिकारको बारेमा जानकारी राखेका छन् । राज्य तथा कानुनले महिलालाई दिएको अधिकारको बारेमा थाहानै नभएका महिलाहरूलाई समूहले महिला अधिकार बारे सञ्चालन गरेको चेतनामूलक कार्यक्रम तथा कानुनी पहलको कारण महिला अधिकारकोबारेमा सचेत महिलाहरूको सङ्ख्या बढदै गएको छ ।

## ५.१२ छोरीको शिक्षाको विषयमा सदस्यको धारणा

महिलाको विकास तथा आर्थिक रूपमा सशक्त बनाउनको लागि शिक्षाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षाको पहुँचबाट टाढा भएको कारण नै महिलाहरू पुरषसरह क्षमता विकासमा पछाडि परेका छन् । अध्ययनमा संलग्न १०० प्रतिशत उत्तरदाताले छोरीलाई शिक्षा दिनुपर्छ भन्ने धारणा व्यक्त गरेका छन् । शिक्षा तथा अवसरबाट वञ्चित महिलाहरू समूह मार्फत शिक्षाको आवश्यकता र महत्व बुझेको कारण छोरीलाई शिक्षाको अवसरबाट वञ्चित गराउन हुदैन भन्ने धारणाको विकास भएको छ ।

## ५.१३ परिवार सञ्चालनको निर्णयमा सहभागिता

परिवार सञ्चालन गर्नको लागि पुरुषको एकल निर्णयबाट नै हुने गरेको उदाहरणहरू पाउन सकिन्छ । महिलाहरू पुरुषले गरेको निर्णय कार्यान्वयन गर्ने माध्यम मात्र बन्ने गरेको पाइन्छ । महिलाहरूमा आएको चेतनामा परिवर्तनले गर्दा उक्त विषयमा परिवर्तन देखिएको छ । हिजोआज महिलाहरूलाई पनि परिवार सञ्चालनको निर्णय प्रक्रियामा सहभागी गराउन थालेको पाइन्छ ।

**तालिका ५.७ : परिवार सञ्चालनको प्रक्रियाको आधारमा उत्तरदाताको अभिमत**

| विवरण | जना | प्रतिशत |
|---|---|---|
| छलफलबाट | ८२ | ९५.३५ |
| पुरुषको एकल निर्णयबाट | ४ | ४.६५ |
| परिवार बाहिरबाट | ० | ० |
| जम्मा | ८६ | १०० |


*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका ५.७ का अनुसार छलफलबाट परिवार सञ्चालन गर्ने सदस्यहरू ८२ जना अर्थात् ९५.३५ प्रतिशत रहेका छन । पुरुषलेनै परिवार सञ्चालनको निर्णयमा एकाधिकार जमाउँदै आएको समाजमा महिलालाई पनि परिवार सञ्चालनको लागि हरेक निर्णयमा सहभागिता गराउनुपर्छ भन्ने धारणामा विकास हुँदै आएको छ । पुरुषहरूमा महिलालाई पनि परिवार सञ्चालनमा सहभागी गराउनुपर्छ भन्ने धारणाको विकास हुनु र महिलाहरूले पनि परिवार सञ्चालनमा हुने निर्णयको एउटा भागको रूपमा सहभागिता पाउनु समूहले ल्याएको परिवर्तनको प्रभावको कारण नै भएको देखिन्छ ।

## ५.१४ अन्यायमा परेका महिलालाई न्यायको पहल

परिवार तथा समाजमा महिलाहरू विभिन्न समस्यामा परेका हुन्छन् । समस्यामा परेका महिलालाई न्यायको लागि अन्य व्यक्ति तथा महिलाहरूको सहयोगको खाँचो पदर्छ । छिमेकका महिलाहरू समस्यामा परेको बेला सहयोग गर्ने तथा नगर्ने सदस्यहरूको अध्ययनबाट प्राप्त विश्लेषण यस प्रकार छ ।

**चित्र ५.३ : अन्यायमा परेका महिलाहरूलाई न्यायको पहलको आधारमा उत्तरदाताको संरचना**



चित्र ५.३ का अनुसार अन्यायमा परेका महिलाहरूलाई न्यायका लागि सहयोग गर्ने सदस्यहरू धेरै छन् । अन्यायमा परेका महिलाहरूलाई सहयोग गर्छु भन्नेमा ८४ जना अर्थात् ९७.६८ प्रतिशत हुँदा गर्दिनँ भन्नेमा २.३३ प्रतिशत रहेको अध्ययनले देखायो । अर्काको समस्या समाधानमा चासो नदिने महिलाहरू समूहमा सहभागी भएपश्चात् छिमेकका दिदीबहिनीहरूसँग भएको घुलमिल तथा बढेको आत्मियताको कारण अन्यायमा परेका अन्य महिलाहरूको सहयोग गर्नु पर्छ भन्ने धारणा तथा अभ्यास बढेको प्रस्ट दखिन्छ ।

## ५.१५ छोरीहरू अध्ययन गर्ने विद्यालय

धेरैजसो समाजमा छोरा बुढेसकालको साहारा हो भन्ने धारणाको कारण छोरीलाई कम मान्यता दिएको पाइन्छ । छोराको महत्त्वलाई धार्मिक कारणले पनि पृष्ठपोषण गरेको हामी पाउँछौं । छोराछोरीलाई दिएको महत्त्व कम भएको कारण उनीहरूलाई दिइने शिक्षा पनि फरक रहने गरेको छ । कस्तो विद्यालयमा पढाउने भन्ने विषय परिवारको आम्दानीमा पनि निर्भर रहने गरेको छ । छोरीहरूले अध्ययन गर्ने विद्यालयको बारेमा उत्तरदाताको अभिमतको विश्लेषण यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका ५.८ : छोरीहरू अध्ययन गर्ने विद्यालयको आधारमा उत्तरदाताको संरचना**

| विवरण | जना | प्रतिशत |
|---|---|---|
| सरकारीमा पढ्ने | ५५ | ६३.९५ |
| बोर्डिङ पढने | १६ | १८.६ |
| नपढ्ने | १५ | १७.४४ |
| जम्मा | ८६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका ५.८ अनुसार सरकारी विद्यालयमा पढने छोरीहरूको बाहुल्यता रहेको पाइन्छ । छोरालाई नीजि तथा छोरीलाई सरकारी विद्यालयमा पढाउने धारणा भएको समाजमा अझै पनि छोरा र छोरी पढने विद्यालयमा अन्तर देखिन्छ । समूहले सञ्चालन गरेको महिला अधिकार तथा समानताको चेतनाको कारण छोरीहरूलाई पनि नीजिविद्यालयमा पढाउने क्रम भने बढेको देखिन्छ

## ५.१६ समूहको बैठकमा सहभागिता

समूहको सदस्य बनेपछि समूहको हरेक बैठकमा सहभागी हुनु आवश्यक छ । बैठकमा हुने छलफल तथा सहभागिताले नै महिलाको क्षमता विकास, चेतनाको विकास तथा हरेक विषयमा जानकार हुने मौका दिन्छ । समूहको हरेक बैठकमा सदस्यहरूको सहभागिताको आधारमा गरिएको अध्ययनको विवरण तल उल्लेख छ ।

**तालिका ५.९ : समूहको बैठकमा हुने उपस्थितको आधारमा उत्तरदाताको संरचना**

| विवरण | जना | प्रतिशत |
|---|---|---|
| हरेक बैठकमा उपस्थित हुने | ७८ | ९०.८ |
| कहिलेकाहीँ मात्र उपस्थित हुने | ८ | १०.४७ |
| जम्मा | ८६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका ५.९ अनुसार ७८ जना अर्थात् ९०.८ प्रतिशत र कहिलेकाहीँ मात्र बैठकमा उपस्थित हुने ८ जना अर्थात् १०.४७ जना रहेका छन् । समूहमा सहभागी भएको कारण महिलाहरूको क्षमता विकास तथा विविध विषयमा सचेत हुने र परिवार तथा समाजमा पुरुषको हेराइमा फरक पर्दै गएको कारण महिलाहरू हरेक बैठकमा सहभागी हुने गरका छन् । समाजमा महिला समूहले सञ्चालन गरेको क्रियाकलापको कारण आएको सामाजिक परिवर्तनलाई कदर गर्दै महिलाहरूलाई अगाडि बढ्नको लागि प्रोत्साहन दिन थालेको पाइयो ।

## ५.१७ समूहले गरेका असल कार्यहरू

समूहले विभिन्न खालका क्रियाकलापहरू सञ्चालन गरेको छ । सबै क्रियाकलापले सबै महिला सदस्यहरू लाभान्वित नहुन पनि सक्छन् । समूहका सदस्यहरूको आवश्यकता फरक-फरक रहने हुँदा फरक क्रियाकलापले फरक सदस्यहरूलाई फाइदा दिएको हुन्छ । समूहले सञ्चालन गरेका विभिन्न क्रियाकलापहरूमा कुन कार्यक्रम राम्रो लाग्यो भन्ने प्रश्नमा उत्तरदाताको अवधारणा निम्न अनुसार रहेको छ ।

**तालिका ५.१० : समूहले गरेका कार्यहरूमा सदस्यहरूको विश्लेषण**

| विवरण | जना | प्रतिशत |
|---|---|---|
| समूह भवन तथा सामग्री खरिद | ३१ | ३६ |
| बचत तथा लगानी | १८ | २०.९ |
| ऋाकाशेपानी सङ्कलन तथा शौचालय | १८ | २०.९ |
| सीपमूलक तालिम | १६ | १८.६ |
| प्रौढ शिक्षा | ३ | ३.५ |
| जम्मा | ८६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका ५.१० अनुसार भवन निर्माण गरेको तथा समूहका लागि आवश्यक भाँडाकुँडा खरिद गरेको कार्य राम्रो लाग्ने सदस्यहरू बढी छन् । सीपमूलक तालिम कार्यक्रम राम्रो लाग्ने सदस्यहरू १६ जना अर्थात् १८.६ प्रतिशत, बचत तथा लगानी कार्यक्रम राम्रो लाग्ने १८ जना अर्थात् २०.९ प्रतिशत, प्रोढ शिक्षा कार्यक्रम राम्रो लाग्ने सदस्यहरू ३ जना अर्थात् ३.५ प्रतिशत, समूहको भवन निर्माण तथा भाँडाकुँडा खरिद गरेको राम्रो लाग्ने ३१ जना अर्थात् ३६ प्रतिशत र आकाशे पानी तथा शौचालय कार्यक्रम राम्रो लाग्ने १८ जना अर्थात् २०.९ प्रतिशत रहेका छन् । समूहले सञ्चालन गरेका कार्यक्रमहरू सबै राम्रो भए तापनि सदस्यहरूको आवश्यकता फरक-फरक रहने भएको हुँदा अभिमत पनि परक रहेको पाइयो ।


अध्ययन क्षेत्रको अवलोकन गर्दा विभिन्न निकायको सहयोग तथा समन्वयमा एकता दिदीबहिनी समूहले समूह भवन निर्माण गर्नुका साथै आकाशेपानी सङ्कलनको लागि टंकीको सुविधा प्रदान गरेको छ । समूहका अति कम आय भएका चार जना सदस्यहरूको शौचालय निर्माणका लागि सहजीकरण गरेको पाइयो । समूहले परिचालन गरेको ऋणबाट साना पसल, तरकारी खेती, कुखुरा पालन जस्ता क्रियाकलापबाट सदस्यहरूले आयका कामहरू सञ्चालन गरेको विवरण प्राप्त भयो ।ओम शान्ति समूहले पनि सरकारी निकायसँगको सहयोगमा समूहको भवन निर्माण तथा बाटो निर्माणमा सक्रिया सहभागिता जनाएको छ । छिमेकी समूहले सरकारी तथा गैरसरकारी सस्थाहरूसँगको सहयोग तथा सहकार्यमा आकाशेपानी सङ्कलन गर्नको लागि टंकी वितरण तथा शौचालय निर्माणमा

सहयोग गरेको छ । समूहले दिएको ऋणको प्रयोग गरी चटपट व्यापार, सिलाइ जस्ता व्यवसायबाट आयको लागि पहल भएको छ ।

## ५.१८ समूहको विकासको लागि प्राथमिकता दिनुपर्ने क्रियाकलापहरू

अहिलेसम्म समूहले सञ्चालन गरेको क्रियाकलापले महिला सदस्यहरूको चेतना तथा क्षमता विकास गरेको पाइन्छ । महिलाको सशक्तीकरणमार्फत समविकासको लागि अझ प्रभावकारी उपलब्धि हुने खालका क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । उत्तरदाताका अनुसार समूहबाट महिलाको विकासको लागि आशा गरिएका क्रियाकलापहरू प्रस्तुत गरिएको छ ।

**चित्र ५.४ : उत्तरदाताबाट अपेक्षित क्रियाकलापहरू**




चित्र ५.११ अनुसारसचेतनामूलक कार्यक्रम आवश्यक छ भन्ने सदस्यहरू १२ जना अर्थात् १३.९५ प्रतिशत, आयमूलक कार्यक्रम आवश्यक छ भन्ने सदस्यहरू ४५ जना अर्थात् ५२.३२ प्रतिशत, क्षमता विकास कार्यक्रम आवश्यक छ भन्ने सदस्यहरूमा २० जना अर्थात् २३.२५ प्रतिशत र बचत तथा लगानी आवश्यक छ भन्ने सदस्यहरूमा ९ जना अर्थात् १०.४६ प्रतिशत रहेका छन् । महिलाहरूमा आएको जागरणको कारण आर्थिक आम्दानीबिना महिलाको सशक्तीकरण सम्भव छैन भन्ने निष्कर्षमा महिलाहरू पुगेका देखिन्छन् । महिलाहरूलाई यो अवस्थामा आइपुग्नको लागि समूहको भूमिका रहेको प्रस्ट छ ।

# अध्याय छ : आर्थिक सशक्तीकरणमा समूहको भूमिकाको विश्लेषण

समाज विभिन्न खालको वर्गमा विभाजन भएको छ । वर्ग विभाजनको कारण आर्थिक आम्दानी तथा व्यक्तिको स्रोत साधनमा भएको पहुँच हो । जसको स्रोत साधन तथा अर्थ उपार्जन हुने खालको कार्यमा प्रभाव छ, तिनै समुदाय तथा समुदायका व्यक्तिहरू माथिल्लो वर्गमा परेका छन् भने पहुँच नपुगेका व्यक्तिहरू तल्लो वर्गमा परेका छन । अझैपनि कतिपय समाजले स्रोत साधानमा महिलाको पहुँच पुग्न नदिनु, महिलालाई सन्तान उत्पादनको साधनको रूपमा मात्र व्यवहार गरिनुले महिलाहरूको आर्थिक क्रियाकलापमा सहभागिता हुन सकेन र हरेक कुराको लागि पुरुषमा निर्भर हुनुपर्ने अवस्थाको सिर्जना भएको पाइन्छ ।

घरायसी काम खाना बनाउने लुगा धुने घरको सरसफाइ परिवारको हेरचाह बच्चा र बिरामीको स्याहार एवम् बिनातलबको सामुदायिक कार्य जस्ता बजारसित असबन्धित कार्यहरूलाई नयाँ निर्देशिकामा उत्पादक मानिए पनि तिनलाई अभिलिखित राष्ट्रिय आयभित्र वर्गीकरण गरिएको छैन । तिनीहरूलाई अर्थतन्त्रको विमर्शमा उल्लेख गरिँदैन । परिवारको हेरचाह तथा स्याहार-सुसारका कार्यहरू मूलतः महिलाका जिम्मवारी भित्र पदर्छन् (आचार्य २०७१) ।

## ६.१ ऋण परिचालन कार्यक्रम

नगद वा जिन्सीनिश्चित शर्तहरूको पालना गर्ने गरी सापटी लिनु ऋण लिनु हो । ऋण व्यक्ति वा सस्थासँग लिने गरिन्छ । आर्थिक अवस्था सामान्यतया राम्रो भएका व्यक्तिहरूले नभएका व्यक्तिहरूलाई वा विभिन्न कारणले खाँचोमा परेका व्यक्तिहरूलाई ऋण दिने कार्य हुन्छ । सामान्यतया विभिन्न व्यवसायमा लगानी गरी आम्दानी गर्नको लागि, घरायसी खर्च टार्नको लागि, ऋण तिर्नको लागि तथा अन्य विविध खालका अप्ठ्यारो पर्दा ऋण दिने गरिन्छ । महिला समूहहरूले पनि मासिक बचतबाट जम्मा भएको रकमबाट समूहका सदस्यहरूलाई ऋण दिने गरेको अध्ययनमा देखिएको छ । अध्ययनबाट प्राप्त तथ्याङ्कलाई तालिकामा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका ६.१: समूहबाट ऋण लिने र नलिने सदस्यहरूको संरचना**

| विवरण | जना | प्रतिशत |
|---|---|---|
| ऋण नलिने | ५४ | ६२.८ |
| ऋण लिने | ३२ | ३७.२ |
| जम्मा | ८६ | १०० |


*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका ६.१ अनुसार समूहबाट ऋण लिनेभन्दा नलिने उत्तरदाताको बाहुल्यता रहेको देखिन्छ । ऋण लिने सदस्यहरू ३२ जना अर्थात् ३७.२ प्रतिशत र ऋण नलिने सदस्यहरू ५४ जना अर्थात् ६२.८ प्रतिशत रहेको पाइयो । बचत तथा आम्दानीको चेतना नभएका महिलाहरू समूहमा बस्नुभन्दा अगाडि ऋण लिन पाउँदा खुशी हुन्थे तर समूहबाट पाएको तालिम तथा चेतनाको कारण आम्दानी अनुसारको खर्च तथा बचतको अभ्यासमा वृद्धि भएको छ । निश्चित उद्देश्यको लागि अथवा भैपरी आउने अवस्थामा मात्र ऋण लिने चेतनाको विकास भएको छ ।

## ६.२ बचत सङ्कलन कार्यक्रम

भविष्यमा पर्न सक्ने समस्या साथै शैक्षिक, भौतिक, आर्थिक तथा सामाजिक विकासको लागि बचत गरिन्छ । बचतको दर आम्दानीमा निर्भर हुने गर्छ । जीविकोपार्जनको लागि, छोराछारी पढाउन, आउन सक्ने आपत्विपद्को लागि बचत गर्नुपर्छ भन्ने चेतना भएकाहरूले आम्दानीको केही प्रतिशत जोगाउने गर्छन् । महिला दिदीबहिनीहरूको आम्दानीको स्रोतको अभाव रहेको कारण घर सञ्चालन गर्दा बचेको केही रूपैयाँ मासिक बचत गर्ने गर्छन् ।

**चित्र ६.१ : समूहमा मासिक बचत गर्ने र नगर्ने सदस्यहरूको संरचना**




*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

चित्र ६.१ अनुसार रु. १०० भन्दा कम मासिक बचत गर्ने २१ जना अर्थात् २४.४२ प्रतिशत, रु. २०० सम्म मासिक बचत गर्ने ३३ जना अर्थात् ३८.३७ प्रतिशत र समूहमा मासिक बचत नगर्ने ३२ जना अर्थात् रु. ३७.२ प्रतिशत रहेका छन् । कमाएको सवै जीविकापार्जनको लागि खर्च गर्ने गरेका सदस्यहरू समूहमा संलग्न भएर पाएको चेतनाको कारण कमाएको केही प्रतिशत मासिक वचत गर्नुपर्छ जसले आर्थिक विकासमा सहयोग पुग्छ भन्ने धारणाले बचत गर्ने सदस्यहरूमा बृद्धि भएको छ । जसले महिलाहरूको आर्थिक क्षेत्रको परिवर्तनमा सहयोग गरेको छ ।

## ६.३ आर्थिक आम्दानी

महिलाहरूको काम भनेको घरधन्दा, बालबच्चा जन्माउने तथा बालबच्चा हुर्काउने मात्र हो भन्ने समाजको धारणा रहेको कारण महिलाहरू नगद हात पर्ने खालका काममा सहभागी हुन पाउँदैनन् । जसको कारणले महिलाहरूको हरेक क्रियाकलापमा सहभागिता र पहुँचको अभाव हुन गएको छ । नगद तथा जिन्सी सामग्रीमा महिलाहरूको पहुँच भएन । सोही कारण महिलाहरूको अवस्था आजको समयमा पनि आशा गरेअनुसार सशक्त हुन सकेन ।

**तालिका ६.२ : नगद आम्दानी गर्ने र नगर्ने सदस्यहरूको संरचना**

| मासिक नगद आम्दानी | जना | प्रतिशत |
|---|---|---|
| नगद आम्दानी नगर्ने | ७९ | ९१.९ |
| रु. १०,००० सम्म | ४ | ४.६५ |
| रु. ३०,००० सम्म | ३ | ३.५ |
| जम्मा | ८६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका ६.२ का अनुसार घरायसी कामकाजमा मात्र खट्ने र नगद आम्दानी हुने खालका क्रियाकलापमा सहभागी नहुने महिलाहरू समूहको गठन तथा परिचालन पश्चात् परिर्वतन भएर रु. १०,००० सम्म मासिक आम्दानी गर्ने ४ जना अर्थात् ४.६५ प्रतिशत, रु. ३०,००० सम्म आम्दानी गर्ने ३ जना अर्थात् ३.५ प्रतिशत भएको पाइन्छ । समूहको प्रभावको कारण महिलाहरूको आयमूलक कार्यमा पहिलाको तुलनामा सहभागिता बढ्दै गएको देखिन्छ ।

***वैयक्तिक अध्ययन- ३***

*पढेर ठूलो मान्छे बन्ने सपना बोकेकी सबिता परियारले अध्ययनलाई आठ कक्षामा नै छोड्नुपऱ्यो । २५ वर्षकी उनको विवाह सानै उमेरमा भयो । श्रीमान् रोजगारको लागि विदेशमा छन् । दुई छोरीकी आमा उनको परिवारमा सात जना छन् । आफूले देखेको सपना छोरीहरूमार्फत पूरा गर्नको लागि सङ्घर्ष गर्दै उनीहरूलाई निजी विद्यालयमा पढाएकी छिन् ।*


*आम्दानीको कुनै स्रोत नहुँदा परिवारको गुजारा चलाउन सहज थिएन । समाजमा घुलमिल नहुँदा जमातको अगाडि आफ्ना समस्याहरू बताउन नसक्ने अवस्था, जुनसुकै कार्यको लागि लाग्ने खर्चको लागि श्रीमान्को आश गर्नुपर्ने तथा कुनै पनि कार्य गर्नको लागि निर्णय गर्न पनि परिवार तथा श्रीमान्को भर पर्नुपर्ने अवस्थाको कारण घरपरिवार तथा चुलाचौकौमा नै सीमित हुनुपर्ने अवस्था थियो । आपतकालीन अवस्थामा ऋण आवश्यक पर्दा कसैले पनि ऋण दिन मान्दैनथें ।*

*छिमेकी समूहको गठन गर्ने खबर पाए पश्चात् उनी पनि समूहको सदस्यको रूपमा सहभागी भइन् । समूहले गर्ने हरेक क्रियाकलापमा सहभागिता जनाइन् । जसले गर्दा समाजमा रहेका दिदीबहिनीहरूसँग आत्मीयता बढ्न थाल्यो । मान्छेको अगाडि बोल्न नसक्ने उनले आफ्नो परिचय दिन थालिन् । समूहमा गर्ने मासिक बचतबाट समूहले कम ब्याजमा ऋण दिने भएपछि उनले पनि सिलाइ पसल राख्नको लागि ऋण माग गरिन् । व्यवसाय सञ्चालन सम्बन्धी तालिम लिएको कारण पसललाई मिहिनेतका साथ चलाइन् । अहिले प्रतिमहिना सालाखाला रु..३०,००० आम्दानी हुन्छ । जसको कारण छारीहरूलाई निजी विद्यालयमा पढाउन सकेकी छिन् ।*

## ६.४ ऋण प्राप्त गर्ने स्रोत

व्यक्तिलाई अवस्था अनुसार ऋणको आवश्यकता पर्छ । छोराछोरीको शिक्षादीक्षाको लागि, आपत्विपद् पर्दा, भौतिक जायजेथा जोड्नको लागि, जीविकोपार्जन जस्ता कार्यहरूका लागि ऋणको आवश्यकता पर्छ । उक्त कार्यमा ऋण लिनको लागि ऋणको मात्रा, ब्याज, सहजता र उपलब्धता अनुसार व्यक्ति, समूह तथा सहकारीमा जाने गर्छन् ।

**चित्र ६.२ : ऋण लिने स्रोतको आधारमा सदस्यहरूको संरचना**




*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

चित्र ६.२ अनुसार समूहबाट ऋण लिने ५९ जना अर्थात् ६८.६ प्रतिशत, व्यक्तिबाट ऋण लिनेहरू ११ जना वा १२.८ प्रतिशत र सहकारीबाट ऋण लिने १६ जना अर्थात् १८.६ प्रतिशत देखियो । समूहबाट ऋण लिँदा ब्याज समूहमानै जम्मा हुने, व्यक्तिसँग लिने ऋणमा भन्दा कम ब्याज पर्ने तथा ब्याज पनि समूहको सदस्यहरूकै आम्दानी हुने विषयमा समूहले दिएको चेतनाको कारण सदस्यहरू समूहबाटनै ऋण लिने चलनको विकास भएको छ । समूहबाट कम ब्याजमा ऋण पाउने भएको कारण धेरै ब्याज तिर्न नपर्दा सदस्यहरूको आर्थिक पक्षको विकासमा सहयोग पुगेको छ ।

## ६.५ ऋणको प्रयोग

ऋण लिनुको उद्देश्य अनुसार खर्च गर्ने क्षेत्र पनि फरक-फरक हुन्छन् । व्यक्तिको आर्थिक अवस्थाले लिएको ऋण कुन क्षेत्रमा खर्च गर्ने भन्ने विषयको निर्धारण हुने गरेको छ । सामान्य आर्थिक अवस्था भएकाहरूले दैनिक गुजारा चलाउनको लागि, मध्यम आर्थिक अवस्था भएकाले थप आम्दानी हुने खालका क्रियाकलाप सञ्चालन तथा उच्च शिक्षाको लागि आर्थिक अवस्था राम्रो भएकाहरूको लागि थप उद्योगधन्दा सञ्चालन गर्नको लागि ऋण लिने गर्छन् । दैनिक गुजारा चलाउनको लागि नै ऋण लिनुपर्ने अवस्थाका व्यक्तिहरूको आर्थिक अवस्था ऋण तिर्न नसकेको बिग्रँदै गएको पाइन्छ ।

**तालिका ६.३ : ऋण प्रयोगको आधारमा सदस्यहरूको संरचना**

| ऋणको प्रयोग | जना | प्रतिशत |
|---|---|---|
| ऋण नै नलिने | ५४ | ६२.८ |
| घर खर्च | १५ | १७.४४ |
| छोराछोरीको शिक्षा | १० | ११.६३ |
| व्यापार | ४ | ४.७ |
| ऋण तिर्न | ३ | ३.५ |
| जम्मा | ८६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका ६.३ अनुसार व्यापार गर्ने ४ जना अर्थात् ४.७ प्रतिशत र ऋण नलिने ५४ जना अर्थात् ६२.८ प्रतिशत रहेका छन् । ऋण लिएर सामान्य घर चलाउनमानै खर्च गर्ने र आर्थिक रूपमा सधैं पछाडि परेका महिलाहरूमा समूहबाट पाएको सल्लाह अनुसार उत्पादन नदिने खालको क्षेत्रमा खर्च गर्नको लागि ऋण नलिने अभ्यास बढेको छ भने आर्थिक विकासको लागि ऋण लिएर व्यापारमा लगानी गर्ने सदस्यहरू पनि बढदै गरेको देखिन्छ ।

***वैयक्तिक अध्ययन-४***

*करिब पाँच दशक काटिसकेकी देउकुमारीका एक जना छोरा छन् । उनको विवाह सानै उमेरमा विवाह भएको थियो । उनका श्रीमान् पनि छिट्टै बिते जसको कारणले उनी एकल जीवन बिताउँदै आएकी छिन् । छोरा १९ वर्षका भए । उनी काम गर्दै पढाइलाई निरन्तरता दिँदै छन् । कृषि पेशामा निर्भर उनको परिवारमा अन्य आम्दानीको स्रोत खासै छैन । सामान्य पशुपालन तथा कृषि कार्यबाट हुने आम्दानीले गुजारा चल्दै आएको छ । पढ्ने मौका नपाएकी देउकुमारी गाउँकै दिदीबहिनीसँग पनि बोल्न लजाउने, डराउने गर्थिन् ।*

*टोल छिमेकमा भएका दिदीबहिनीहरूको क्षमता विकास तथा सशक्तीकरणको कार्य गर्नको लागि गठन भएको समूहले प्रौढ शिक्षा कार्यक्रम सञ्चालन गर्‍यो । पढ्ने अवसरबाट वञ्चित देउकुमारीका लागि ढुङ्गा खोज्दा देउता भेटिएजस्तै भयो । निरक्षर उनी प्रौढ कक्षाको कारण साक्षर बनिन् । छिमेकका दिदीबहिनीहरूसँग घुलमिल बढ्यो । आफ्नो परिचय निर्धकसँग दिन सक्ने मात्र नभई विभिन्न विषयमा हुने छलफलमा सहभागी बन्न थालिन् । समूहले दिने ऋण लिएर तरकारी खेती र कुखुरापालनबाट घर खर्च र अलिअिलि आम्दानी पनि गरेकी छिन् । समूहमा बसेको कारण आत्मविश्वासको साथ छलफलमा सहभागी हुने उनी यी सबै उपलब्धिको कारण एकता दिदीबहिनी समूह नै हो भन्छिन् ।*

## ६.६ आम्दानीमूलक क्रियाकलापमा सहभागिताको अवसर

महिलाहरूले प्राय:जसो घरायसी कामकाजमा नै दिनचर्या बिताउनु परेको अवस्था छ । पुरुषहरू नगद आम्दानी हुने खालका काम गर्ने र महिलाहरूलाई नगद उत्पादन नहुने खालको क्रियाकलापमा सहभागी गराउने परिपाटी रहेको पाइन्छ । जसको कारण महिलाहरूको स्रोत साधनमा पहुँच पुगेको छैन भने महिला सशक्तीकरणको अभियानले सार्थकता पाउन सकेको छैन । आम्दानीमूलक क्रियाकलापमा सहभागी हुने अवसरको बारेमा उत्तरदाताहरूको विवरण यस प्रकार छ ।

**तालिका ६.४ : आम्दानीमूलक कार्य गर्नको लागि परिवारको सहमतिको आधारमा उत्तरदाताहरू**

| विवरण | जना | प्रतिशत |
|---|---|---|
| परिवारको सहमति छ | ६९ | ८०.२३ |
| परिवारको सहमति गाह्रो छ | १७ | १९.७८ |
| जम्मा | ८६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका ६.४ अनुसार महिलाहरूलाई परिवारहरूले घरायसी काममा नै सिमित बनाएर राखेको अवस्थामा महिलाहरू समूहमा आबद्ध भएपछि ६९ जना अर्थात् ८०.२३ प्रतिशत सदस्यहरूले आम्दानीमूलक कार्य गर्नको लागि सहमति पाएको देखिन्छ । महिलाहरू पनि परिवार र समाजको अभिन्न अङ्ग भएको कारण आत्मनिर्भर हुन दिनुपर्छ भन्ने धारणा सदस्यहरूको परिवारमा विकास भएको पाइन्छ । समूहले जगाएको चेतनाको कारण परिवारले महिलाहरूलाई आत्मनिर्भर हुनको लागि प्रोत्साहन गर्ने क्रम बढ्दै गरेको छ ।

## ६.७ जिन्सी (घर जग्गा) सम्पत्तिमा पहुँच

परिवारमा रहेको जिन्सी सम्पत्ति प्राय: पुरुषहरूको नाममा वा पुरानो पुस्तामा रहने गर्छ । महिलाहरूको स्रोत साधनमा पहुँच नपुगेको कारणले पनि महिलाहरूको क्षमता विकासमा आशा गरे अनुसारको सफलता हासिल भएको छैन । महिलाप्रति भएको अविश्वास तथा महिलाको नाममा घर-जग्गा हुँदा समाजले पुरुषलाई जोइटिङ्ग्रे भन्ने गरेका कारण मर्दपन देखाउनको लागि पनि हरेक पुरुषले आफ्नो नाममा सम्पत्ति राख्ने गरेको

पाइन्छ । नेपाल सरकारले पनि स्रोत साधनमा महिलाको पहुँच पुगोस् भन्ने हेतुले जिन्सी सम्पत्ति महिलाको नाममा राख्दा लाग्ने करमा छुट गरेको छ । जिन्सी सामानमा महिलाको पहुँच सन्दर्भमा गरिएको प्रश्नको उपलब्ध तथ्याङ्कलाई यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका ६.५ : जिन्सी सम्पत्तिको पहुँचको आधारमा सदस्यहरूको वर्गीकरण**

| जिन्सी सम्पत्तिमा पहुँचको विवरण | जना | प्रतिशत |
|---|---|---|
| श्रीमान्को नाममा | ४७ | ५४.६५ |
| आफ्नो नाममा | २० | २३.२५ |
| सासू-ससुराको नाममा | १७ | १९.७६ |
| छोराछोरीको नाममा | २ | २.३२ |
| जम्मा | ८६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका ६.५ का अनुसार महिलाको नाममा वा श्रीमतीको नाममा २० जना अर्थात् २३.२५ प्रतिशत, श्रीमान्को नाममा ४७ जना अर्थात् ५४.६५ प्रतिशत, छोराछोरीको नाममा २ जना अर्थात् २.३२ प्रतिशत र सासूससुराको नाममा १७ जना अर्थात् १९.७६ प्रतिशत रहेको देखिन्छ । परिवारमा भएको सबै जायजेथा पुरुषको नाममा राख्ने परम्परा भएको समाजमा समूहले महिलाहरूलाई कानुनले वा राज्यले दिएको अधिकारको सन्दर्भमा गरेको पैरवीको कारण परिवारमा महिलाको नाममा जिन्सी सम्पती राख्ने क्रम बढदै गएको पाइयो ।

## ६.८ जिन्सी सम्पत्ति परिचालनको निर्णयमा सहभागिता

जिन्सी सम्पत्ति कसको नाममा छ भन्ने विषयसँगै परिचालन कसरी हुन्छ भन्ने विषयले पनि महत्त्व राख्छ । प्रायजसो श्रीमान् नै स्रोत साधन परिचालनको हर्ताकर्ताको रूपमा प्रस्तुत हुने गरेको पाउँछौं । समयको परिवर्तनसँगै महिलाहरूमा आएको चेतनामा परिवर्तन र समाजको हरेक तहमा महिलालाई दिएको स्थानको कारण स्रोत साधन परिचालनमा महिलाहरूको भूमिकामा पनि परिवर्तन हुँदै गएको पाइन्छ । अध्ययनमा आएको उत्तरलाई तल विश्लेषण गरिएको छ ।

**तालिका ६.६ : जिन्सी सम्पत्ति परिचालनको निर्णयमा सहभागिताको आधारमा उत्तरदाताहरू**

| जिन्सी सम्पत्तिमा परिचालनको निर्णय | जना | प्रतिशत |
|---|---|---|
| सहमतिमा | ६४ | ७४.४ |
| श्रीमान्को निर्णयमा | १८ | २०.९ |
| आफ्नो निर्णयमा | ४ | ४.६ |
| जम्मा | ८६ | १०० |


*स्रोत : स्थलगत सर्वेक्षण, २०७५*

तालिका ६.६ अनुसार सहमतिमा जायजेथाको किनबेच हुन्छ भन्ने उत्तरदाताहरूको बाहुल्यता रहेको पाइन्छ । परिवारको हरेक निर्णयमा समान सहभागितामा वृद्वि भएको अध्ययनले देखाउँछ । श्रीमान्ले मात्रै वा श्रीमतीले मात्रै जायजेथा परिचालनको निर्णय गर्दा परिवारमा असहज वातावरण सिर्जना हुन सक्ने चेतना समूह मार्फत हरेक परिवारले पाएको कारण परिवारको हरेक निर्णयहरू सल्लाहमा हुने गरेको पाइन्छ । समूहले ल्याएको महिलाका अधिकारको सचेतनाको कारण जायजेथा परिचालन सहमतिमा हुने गरेको पाइयो ।

## ६.९ आर्थिक कारोबारको जिम्मेवारी

आर्थिक आम्दानीसँगै कारोबारमा पनि पुरुषहरूको नै हात हुने गर्छ । आजभोलि समय तथा सोचमा आएको परिवर्तनले गर्दा आर्थिक कारोबारको जिम्मेवारी महिलाहरूले पनि लिने गरेको पाइन्छ । यस्ता जिम्मेवारीहरूमा भौगोलिक क्षेत्र, जातजाति अनुसार पनि फरक पर्ने गरेको छ । आर्थिक कारोबारको जिम्मेवारीको आधारमा भएको विश्लेषण निम्न अनुसार छ ।

**चित्र ६.३ : आर्थिक कारोबारको जिम्मेवारीको आधारमा उत्तरदाताहरू**



चित्र ६.३ अनुसार आर्थिक कारोबार आफैं गर्ने सदस्यहरूको सङ्ख्या धेरै देखिन्छ । ५५ जना अर्थात् ६३.९ प्रतिशतले आफैं आर्थिक कारोबार गर्ने, ३१ जना अर्थात् ३६ प्रतिशत श्रीमान्ले आर्थिक कारोबार गर्ने गरेको पाइयो । परिवारमा हुने आर्थिक कारोबारमा पुरुषको मात्र सहभागिता रहँदै आएको थियो । समूहमा संलग्न भएर परिवार सञ्चालनको लागि आर्थिक कारोबार कसरी गर्ने तथा बचतको महत्त्वको बारेमा शिक्षा हासिल गरेका महिलाहरूमा पुरुषको विश्वास बढ्दै गएको कारण आर्थिक जिम्मेवारी लिन सक्षम भएको पाइयो ।

# अध्याय सात : सारांश, निष्कर्ष र सुझाव

## ७.१ अध्ययनको सारांश

महिला सशक्तीकरणमा समूहको भूमिका विषयमा मौला कास्कीकोट पोखरा २४ कास्की जिल्लाकोसमाजशास्त्रीय यस अध्ययनमा समूहले महिलाको आर्थिक, सामाजिक तथा समग्र क्षेत्रमा ल्याएको परिवर्तनको खोजी गरिएको छ ।महिलाहरूमा आएको आर्थिक तथा सामाजिक सशक्तीकरणको विश्लेषण गर्ने विशिष्ट उद्देश्य रहेको यस अध्ययनले शैक्षिक प्रयोजन र समुदायमा महिला समूहको आवश्यकता र भूमिका बुझाउने महत्व राखेको छ । शोधपत्रलाई विभिन्न सात अध्यायमा विभाजन गरिएको छ ।

सामाजिक न्यायबाट वञ्चित तथा पुरातन दासता र मान्यताले दबिएका महिलाहरूलाई अधिकार तथा अवसर प्रयोग गर्न सक्ने बनाउन जोड दिने र महिलाको क्षमता विकासको लागि उनीहरूको सीप, हिम्मत, शिक्षा तथा अवसरको प्रयोगलाई बढाउने मान्यता बोकेकोसशक्तीकरण सिद्धान्त साथै विकासमा महिला, महिला र विकास, मार्क्सवादी महिलावादमाआधारित भएर अध्ययन गरिएको छ । वर्णनात्मक र अन्वेषणात्मक ढाँचाको यस अध्ययनमा अन्तर्वार्ता अनुसूची, अवलोकन तथा वैयक्तिक अध्ययन विधिहरूको प्रयोग गरिएको छ ।जनगणना विधि प्रयोग भएको यस शोधपत्रमा अध्ययन क्षेत्रकाएकता दिदीबहिनी समूह (३४जना) ओम शान्ति समूह(३१ जना) र छिमेकी समूहमा रहेका (२१ जना) का ८६जना सदस्यहरूउत्तरदाताको रूपमा रहेका छन  । प्राथमिक तथ्याङ्कको धेरै प्रयोग गरिएको छ भने द्वितीय तथ्याङ्कको रूपमा समूहमा रहेका कागजातहरू र वडाको प्रतिवेदन प्रयोग गरिएको छ । अध्ययन क्षेत्रबाट उपलब्ध भएका तथ्याङ्कहरूलाई प्रस्तुतीकरणको लागि तालिकीकरण,स्तम्भचित्र, तथा वणर्नात्मक र विश्लेषणात्मक शैलीको प्रयोग गरिएको छ ।

## ७.२ मुख्य प्राप्ती

यस शोधपत्रमा अध्ययन क्षेत्रको अध्ययन गर्दा प्राप्त भएका तथ्याङ्कहरूको सङ्ख्यात्मक र गुणात्मक प्राप्तिहरू निम्न अनुसार रहेका छन् :

- समूहमा ४० वर्ष माथिकामहिलाहरूसबैभन्दा बढी४३ अर्थात् ५० प्रतिशत रहेका छन् ।

- समूहका ८६ जना सदस्यहरूनै हिन्दु धर्म मान्ने रहेको पाइएको छ ।
- दलित (नेपाली, परियार र विश्वकर्मा) ५४ जना रहेको पाइयो ।
- धेरै सदस्यहरूकृषि पेशामा संलग्न रहेका छन्। कृषि आयमूलक कार्यमा परिणत हुँदै गरेको छ भने जागिर र व्यापारमा लाग्नेहरू पनि बिस्तारै बढ्दै गएको पाइयो ।
- ८४ जना सदस्यहरू विवाहित भएको तथ्याङ्कले विवाहित महिलाहरूनै समूहमा सहभागी भएको देखियो ।
- समूहका सदस्यहरू धेरै अर्थात् ४४ जना निरक्षर रहेको पाइयो ।
- साथीको प्रेरणाले समूहमा सहभागी हुने ५० जना अर्थात् ५८.१४ प्रतिशत देखिनुले साथीको सल्लाह सुझावलाई बढी मान्ने परिपाटी रहेको प्रस्ट भएको छ ।
- समूहमा सहभागी हुनुको कारण (बचत तथा लगानी गर्नको लागि, क्षमता विकास गर्नको लागि र सीप सिकेर व्यवसाय गर्न) माथिका सबै भन्ने सदस्यहरू बढी पाइयो ।
- बचत गर्ने, कम ब्याज पर्ने ठाउँमा ऋण लिने तथा दिदीबहिनीहरूसँग भलाकुसारी जस्ता विषयहरूमा सदस्यहरूले आफैंलाई परिवर्तन गरेको पाइयो ।
- महिलाहरू समूहमा सहभागी भएकोमा सतप्रतिशत अथवा ८६ जना सदस्यकै परिवारका पुरुषहरू सकारात्मक रहेको पाइयो ।
- समूहका ८६ जना सदस्यकोनै घरायसी निर्णय प्रक्रियामा सहभागिता रहेको पाइयो ।
- समूहले गर्ने हरेक विषयको छलफलमा आफ्नो राय राख्न तथा सही गलत विश्लेषण गर्न सक्ने भएको देखिन्छ ।
- सबै सदस्यहरूमा हरेक विषयमा आफ्ना विचारहरू व्यक्त गर्न सक्ने क्षमताको विकास भएको पाइयो ।
- हरेक क्रियाकलापहरू सहमति तथा सहकार्यमा नै सञ्चालन गर्नुपर्छ भन्ने भावना विकास भएको पाइयो ।
- समूहका ७० जना उत्तरदाताको पारिवारिक हैसियतमा सुधार आएको पाइयो ।
- सदस्यहरू न्याय पाउनको लागि कसरी कुन निकायमा पहल गर्नुपर्छ भन्ने विषयमा सचेत भएको पाइयो ।

- समूहका ५४ जना सदस्यहरूले कानुनी अधिकारको बारेमा जानकारी राखेको पाइयो ।
- छोरीलाई शिक्षाको अवसरबाट वञ्चित गराउन हुँदैन भन्ने धारणाको विकास भएको छ ।
- छलफलबाट परिवार सञ्चालन गर्ने सदस्यहरू ८२ जना (९५.३५ प्रतिशत) रहेका पाइयो ।
- अन्यायमा परेका अन्य महिलाहरूलाई सहयोग गर्नु पर्छ भन्ने धारणा बढेको देखिन्छ ।
- छोरीहरूलाई पनि निजी विद्यालयमा पढाउने क्रम भने बढेको देखिन्छ ।
- वैयक्तिक अध्ययन एक र दुई अनुसार समूहले महिलाको क्षमता विकासमा सहयोग पुगेको छ ।
- ७८ जना अर्थात् ९०.८ प्रतिशतसदस्यहरू बैठकमा नियमित सहभागी हुने गरेका छन् ।
- समूहको भवन निर्माण तथा भाँडाकुँडा खरिद कार्यहरू धेरै सदस्यहरूलाई राम्रो लागेको छ ।
- अध्ययन क्षेत्रको अवलोकन गर्दा भवन निर्माण, खानेपानी शौचालय निर्माण जस्ता कार्यहरू समूहले समन्वयमा गरेको देखियो ।
- समूहका ४५ जना अर्थात् ५२.३२ प्रतिशत सदस्यहरूका अनुसार आयमूलक कार्यक्रम सञ्चालन आवश्यक छ भन्ने पाइयो ।
- आम्दानी अनुसारको खर्च तथा बचतको अभ्यासमा वृद्धि भएको कारण ऋण नलिने उत्तरदाताको बाहुल्यता रहेको देखियो।
- समूहले दिएको चेतनाको कारण बचत गर्ने सदस्यहरूमा बृद्घि भएको छ ।
- महिलाहरूको आयमूलक कार्यमा पहिलाको तुलनामा सहभागिता बढ्दै गएको छ ।
- वैयक्तिक अध्ययन तीन र चार अनुसार आर्थिक आम्दानीको महत्त्व बुझेका कारण महिलाहरू आयमूलक कार्यमा लागेको पाइयो ।
- सदस्यहरूले समूहबाटनै ऋण लिने चलनको विकास भएको छ ।
- ऋण लिएर व्यापारमा लगानी गर्नेसदस्यहरू पनि बढ्दै गरेको देखियो ।

- ६९ जनाले आयमूलक कार्यको लागि परिवारको सहमति जनाएको देखिन्छ ।
- परिवारमा महिलाको नाममा जिन्सीसम्पत्ति राख्ने क्रम बढदै गएको पाइन्छ ।
- ६४ जना सदस्यको परिवारमा हरेक निर्णयहरू सल्लाहमा हुने गरेको पाइन्छ ।
- ५५ जना अर्थात् ६३.९ प्रतिशत सदस्यहरूलेआफैं आर्थिक कारोबार गर्ने गरेका छन् ।

## ७.३ निष्कर्ष

समूहमा ४० वर्ष माथिका महिलाहरू सबैभन्दा बढी ४३ अर्थात् ५० प्रतिशत रहेका छन् भने सबै सदस्यहरूले हिन्दु धर्म मान्ने रहेको पाइएको छ ।सामाजिक तथा आर्थिक क्षेत्रमा पछाडि परेको दलित महिलाहरूको सहभागिता समूहमा धेरै पाइयो । कृषि प्रमुख पेशा रहेको अवस्थामा जागिर र व्यापारमा लाग्नेहरू पनि बिस्तारै बढ्दै गएको छ । निरक्षर तथा विवाहित सदस्यहरूको समूहमा धेरै रहेको पाइयो ।

बचत तथा लगानी र क्षमता विकासको मौका भएको कारण महिलाहरू साथीको प्रेरणाबाट समूहमा सहभागी हुने गरेको देखिन्छ ।समूहका हरेक क्रियाकलापमा आफ्नो राय राख्ने क्षमताको विकास गरेका महिलाहरूको घरायसी निर्णय प्रक्रियामा तथा आर्थिक कारोबारमा पनि सहभागिता बढेको छ । कानुनले महिलालाई दिएको अधिकारको बारेमा जानकारी पाएका महिलाहरू अन्यायमा परेका महिलाहरूलाई न्यायको लागि पहल गर्न तयार हुने गरेका छन् ।समूह मार्फत विभिन्न निकायसँग समन्वय गर्दै समूह भवन निर्माण, खानेपानी टंकी तथा शौचालय निर्माण जस्ता पूर्वाधार विकासका कार्यक्रमहरू पनि सम्पन्न गरेका छन् । समूहको कारणले महिलाहरूको क्षमता विकास तथा चेतनाको विकास भएको छ भने आर्थिक आम्दानी हुने खालका क्रियाकलापहरू सञ्चालन गर्नु पर्ने विचार सदस्यहरूको रहेको छ । माथि उल्लिखित कार्यहरू मार्फत समूहका महिलाहरू सामाजिक रूपमा सशक्त भएको पाइयो ।

बचत तथा लगानी कार्यक्रमबाट महिलाहरूको आर्थिक सक्षमताको लागि विभिन्न व्यवसाय तथा अन्य प्रयोजनका लागि ऋण लगानी गर्ने गरेको छ ।बचतको बानी विकास हुनु, बचतको महत्त्वको महसुस हुनु, केही सदस्यले समूहबाट ऋण लिएर व्यापार गरी आम्दानी सुरु गर्नु, घरखर्च तथा अप्ठ्यारो अवस्थामा समूहबाट ऋण उपलब्ध गराउन सक्नु,

पैसाको लागि श्रीमान्मा मात्र भर पर्नु हुँदैन भन्ने चेतनाको विकासले आर्थिकरूपमा सशक्तीकरणभएको देखियो ।

## ७.४ सुझावहरू

महिला सशक्तीकरणको क्षेत्रमा थप अनुसन्धान गर्दा निम्न विषयहरूमा केन्द्रित हुनुपर्ने सुझावहरू प्रस्तुत गरिएको छ ।

- भौगोलिक क्षेत्र, जातजाती तथा धार्मिकता अनुसार महिलाहरूको स्रोत साधनमा पहुँच तथा नेतृत्वमा सहभागिताको अवस्थाको विषयमा अध्ययन गर्ने ।
- महिलाहरू सामाजिक तथा आर्थिक रूपमा अगाडि बढ्न नसक्नुका कारकतत्वहरूको पहिचान गर्दै समान सहभागितात्मक पहलका उपायहरूको पहिचान गर्ने ।

# सन्दर्भ सामग्रीहरू


अधिकारी, नारायणी (२०७४),*"छात्राहरूको शैक्षिक पारिवारिक र लैङ्गिक अवस्थाको अध्ययन"* (अप्रकाशित एम.ए शोधपत्र), मानविकी तथा समाजिकशास्त्र संकाय समाजशास्त्र विभाग, पि.एन. क्याम्पस पोखरा ।

आचार्य, मिना (२०७१), *"पारिश्रमिक बिनाको सेवामूलक काम र महिला",* रूपान्तरणमा महिला पुस्तक भित्र पृ. १२५, सम्पादन :मिना आचार्य, सुधा त्रिपाठी, इन्दु तुलाधर र मन्जु थापा, काठमाडौं : अस्मिता महिला प्रकाशन गृह सञ्चार तथा स्रोत संस्था ।

एङ्गेल्स, फेडरिख (२०५६),*"परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति",* (दोस्रो सस्करण) अनुवादक : राजेन्द्र मास्के, काठमाडौँ : प्रगती प्रकाशन ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६९),*"राष्ट्रिय जनगणना २०६८ संक्षिप्त नतिजा",* थापाथली काठमाडौँ : नेपाल सरकार राष्ट्रिय योजना आयोगको कार्यालय ।

घिमिरे, दुर्गा (२०७१), *"महिलाको अवस्थामा धर्मको प्रभाव "*, रूपान्तरणमा महिला पुस्तक भित्र पृ. १५०, सम्पादन : मिना आचार्य, सुधा त्रिपाठी, इन्दु तुलाधर र मन्जु थापा, काठमाडौँ : अस्मिता महिला प्रकाशन गृह सञ्चार तथा स्रोत संस्था ।

निरौला, पुष्पा (२०७१), *"अर्थतन्त्र र महिला"*रूपान्तरणमा महिला पुस्तक भित्र पृ. १०८, सम्पादन :मिना आचार्य, सुधा त्रिपाठी, इन्दु तुलाधर र मन्जु थापा, काठमाडौँ : अस्मिता महिला प्रकाशनगृह सञ्चार तथा स्रोत संस्था ।

बस्याल, रिमा (२०७२), *"महिला सशक्तीकरणमा आमा समूहको भूमिका"* (अप्रकाशित एम.ए शोधपत्र), मानविकी तथा समाजिकशास्त्र संकाय समाजशास्त्र विभाग, पि.एन. क्याम्पस पोखरा ।

विनेट, लिन ( १८८७), *"नेपालमा महिलाहरूको स्थिति"* प्रथम संस्करण, अनुवादक : प्रेम बहादुर श्रेष्ठ, डिल्लीबजार काठमाडौंमहिला तथा विकास केन्द्र ।

भट्टराई, विष्णुप्रसाद (२०७१), *"विवाह र महिला हिंसा"*(अप्रकाशित एम.ए. शोधपत्र), मानविकी तथा समाजिकशास्त्र संकाय समाजशास्त्र विभाग, पि.एन. क्याम्पस पोखरा ।

महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय (२०७४),"*महिला विकासको विधिविधा*" महिला तथा बालबालिका विभाग, काठमाडौँ : कोशी प्रिन्टिङ्ग प्रेस ।

मगर, विन्दा र किसान, याम बहादुर (२०७१), *"महिला अधिकार र सर्वोच्च अदालतको फैसला"*रूपान्तरणमा महिला पुस्तक भित्र पृ. ३३७, सम्पादन : मिना आचार्य, सुधा त्रिपाठी, इन्दु तुलाधर र मन्जु थापा, काठमाडौं : अस्मिता महिला प्रकाशनगृह सञ्चार तथा स्रोत संस्था ।

दाहाल, पुण्यप्रसाद (२०५४) "*नेपालमा आर्थिक व्यवस्था र योजना*" काठमाडौं : रत्न पुस्तक भण्डार ।

सुवेदी, प्रतिभा र देउजा, जगत (२०७१), "*स्रोत साधनमा महिलाको पहुँच*" नामक आलेख, रूपान्तरणमा महिला पुस्तक भित्र, पृ.६७ र ७१, सम्पादन : मिना आचार्य, सुधा त्रिपाठी, इन्दु तुलाधर र मन्जु थापा, काठमाडौं : अस्मिता महिला प्रकाशन गृह सञ्चार तथा स्रोत संस्था ।

सिंह, मंगलादेवी (२०५१), *"नारी संघर्षका पाइलाहरू"*, काठमाडौं, सेवा प्रिन्टिङ प्रेस

सुवेदी, माया कुमारी (२०७०), *"महिलाविरुद्वको घरेलु हिंसा"* (अप्रकाशित एम.ए शोधपत्र), मानविकी तथा समाजिकशास्त्र संकाय समाजशास्त्र विभाग, पि.एन. क्याम्पस पोखरा ।

Bhasin, K. (2003). "*Understnading of Gender*" New Delhi : Woman Unlimited. (Page: 6)

Kantor, P. (2003). "*Women's Empowerment through home-based Work*" Evidence from India. Retrived from https://doi.org/10.1111/1467-7660.00313

Perkins, et.al. (1995). "*Empowerment Theory, Research and Application, American Journal of Community Psychology*". Vol. 23, No.5. Retrived from https://doi.org/10.1007/BF02506982

Rahman, A. (2013). *"Women's Empowerment: Concept and Beyond" Global Journal Of Human Social Science Sociology & Culture,* Volume 13, USA, Global Journals Inc.

Rathgeber, E M, (1994). “*WID, WAD, GAD: Trends in Research and Practice”*Journal of developing areas accessed 30/03/13”. Retrived from http://www.jstor.org/stable/4191904/

Seneviratne, Prajna (2018). “Marxist Feminism Meets Postcolonial Feminism in Organization Theorizing: Issue, Implication and Response” *Journal of International Woman Studies* 19(2) 186-196.” Retrived fromhttp://vc.bridgew.edu/jiws/vol19/iss2/12

UNFPA (2007). “*Gender Equality and Empowerment of Women”* in Nepal Retrived from http://un.info.np/Net/NeoDocs/View/1216

# अनुसूची १

## अर्न्तवार्ता अनुसूची

१. नाम : ठेगाना :

२. उमेर : क) १५ देखि २० वर्ष ख) २१ देखि ३० ग) ३१ देखि ४०
घ) ४० देखि माथि

३. धर्म : क) हिन्दु ख) बौद्ध ग) इसाई घ) अन्य

४. जाति : क) दलित ख) जनजाती ग) बाहुन घ) अन्य

५. पेशा : क) कृषि ख) जागिर ग) व्यापार

६. वैवाहिक अवस्था : क) विवाहित ख) अविवाहित ग) एकल

७. क्षिक्षाक) निरक्षर ख) १ देखि ५ कक्षासम्म
ग) एस.ई.ई. सम्म घ) उच्च शिक्षा

८. समूहमा कहिलेबाट सहभागी हुनुभयो ?
क) १ वर्ष अगाडिबाट ख)२ वर्ष अगाडिबाट
ग)३ वर्ष अगाडिबाट घ) ३ वर्षभन्दा बढी

९. अहिलेको समूहबाहेक अन्य समूहहरूमा हनुहुन्छ ?
क) छु ख) छैन

१०. स्वयम्सेवी समूहमा सहभागी किन हुनुभयो ?
क) बचत तथा लगानी गर्न ख) क्षमता विकास गर्न
ग)सीप सिकेर व्यवसाय गर्न घ) माथिका सबै ङ) अन्य

११. समूहमा लाग्ने प्रेरणा कसबाट पाउनुभयो ?
क) आफैं ख) साथीबाट ग) परिवार घ) अन्य

१२. समूहले सञ्चालन गर्ने हरेक क्रियाकलापमा सहभागी हुनुहुन्छ ?
क) हुन्छु ख) कहिलेकाहीँ ग) हुँदिनँ

१३. समूहको हरेक बैठकमा सहभागी हुनुहुन्छ ?
क) हुन्छु ख) कहिलेकाहीँ ग) हुँदिनँ ।

१४. बैठकमा ढिला आएको कारण जरिवाना तिर्नुभएको छ ?
क) छ ख) छैन ग) कहिलेकाहीँ

१५. समूहमा हरेक महिना कति बचत गर्नुहुन्छ ?

क) रु. १०० ख) २ रु.०० ग) रु.३०० घ) रु. ३०० भन्दा माथि

१६. अहिलेसम्म समूहमा तपाईंको बचत कति भएको छ ? …………………

१७. समूहबाट ऋण लिनुभएको छ ?

क) छ ख) छैन, (छ भने कति ? रु...

१८. समूहबाट लिएको ऋण केमा खर्च गर्नुहुन्छ ?

क) व्यापार वा व्यवसाय ख) छोराछारी पढाउन ग) ऋण तिर्न घ) घरखर्च

१९. ऋण लिएर व्यापार गर्नुभएको भए मासिक कति आम्दानी हुन्छ ? रु ……………….

२०. ऋण आवश्यक पर्दा कहाँ-कहाँबाट लिनुहुन्छ ?

क) समूहबाट ख) अन्य व्यक्तिबाट ग) सहकारीबाट

२१. अन्य ठाउँको सट्टा समूहबाटै किन ऋण लिने ?

क) ब्याज सस्तो पर्छ ख) ब्याज समूहमा नै जम्मा हुन्छ ग) ऋण लिन सहज

२२. समूहमा बस्नाले के फाइदा भएको छ ?

क) सुलभ ब्याजमा ऋण पाइन्छ । ख) बचत भएको छ ।

ग) साथीहरूसँग सम्बन्ध राम्रो भएको छ घ) माथिका सबै ।

२३. समूहले सञ्चालन गरेको कुन तालिम लिनुभएको छ ?

क) क्षमता विकास तालिम ख) व्यापार व्यवसाय तालिम

ग) सीप विकास तालिम घ) माथिका सबै ङ) अन्य

२४. तपाईं समूहमा सहभागी भएकोमा परिवारका पुरुषहरू सकारात्मक छन्?

क) छन् ख) छैनन् यदि छन् भने किन ? ……………………

छैनन् भने किन……

२५. घरायसी निर्णय प्रक्रियामा तपाईंको सहभागिता हुन्छ ? क) हुन्छ ख) हुँदैन

२६. समूहमा सञ्चालन गरिने क्रियाकलापको निर्णय कसरी गरिन्छ ?

क) समूहमा छलफल गरेर ख) नेतृत्वको एकल निर्णय

ग) समूह बाहिरबाट निर्णय हुन्छ घ) अन्य

२७. समूहले सञ्चालन गर्ने कार्यक्रमहरूमा स्थानीय पुरुषको प्रतिक्रिया कस्तो रहेको छ ?

क) सकारात्मक ख) मिश्रित ग) नकारात्मक

२८. समूहमा छलफल हुने विषयमा आफ्नो धारणा राख्ने गनुहुन्छ ?

क) राख्छु ख) राख्दिनँ

२९. समूहको नेतृत्व कसरी छानिन्छ ?

क) सहमतिमा ख) चुनावबाट ग) आलापालो

३०. समूहमा सहभागी भएपश्चात् तपाईंको पारिवारिक हैसियतमा सुधार आएको छ ?

क) छ ख) छैन ग) ठीकै

३१. तपाईं अन्यायमा पर्दा तपाईंले न्यायको लागि आवाज उठाउने गर्नुभएको छ ?

क) छ ख) छैन

३२. समाजमा हुने महिलामाथिको विभेदका बारेमा समाचारहरू सुन्ने गर्नुभएको छ ?

क) छ ख) छैन ग) थाहा भएन

३३. परिवारमा भएको जिन्सी सम्पत्तिहरू कसको नाममा हुन्छ ?

क)आफ्नो नाममा ख)श्रीमान्को नाममा ग) छोराछोरीका नाममा

३४. परिवारमा भएको जिन्सी सम्पत्ति किनबेचको निर्णय कसले गर्छ ?

क)सहमतिमा ख)श्रीमान्ले ग)आफैं घ) अन्य

३५. कानुनले महिलालाई दिएको अधिकारको बारेमा जानकारी छ ?

क) छ ख) छैन ग) अलि-अलि

३६. छोरीलाई शिक्षा दिने विषयमा तपाईंको धारण के छ ?

क) दिनुपर्छ ख) दिनुपर्दैन

३७. घर सञ्चालनको लागि पैसाको कारोवार कसले गर्छ ?

क) आफैं ख) श्रीमान् ग) सासू ससुरा

३८. परिवार सञ्चालनमा निर्णय कसरी गरिन्छ ?

क) छलफलबाट ख) एकल निर्णय ग) परिवार बाहिरबाट

३९. समाजमा कुनै महिला समस्यामा पर्दा समाधानको पहल गर्नुहुन्छ ?

क) गर्छु ख) गर्दिनँ

४०. समाजमा हुने समुदाय विकासको क्रियाकलापमा सहभागी हुन परिवारले उत्प्रेरणा दिन्छ ? क) दिन्छ ख) दिँदैन

४१. सामाजिक क्रियाकलापको विषयमा हुने छलफलमा सहभागी हुने साहस बढेको छ ?

क) छ ख) छैन

४२. आम्दानी हुने खालको क्रियाकलापमा सहभागी हुनको लागि परिवारले सहमति दिन्छ ? क) दिन्छ ख) गाह्रो छ ग) दिँदैन

४३. छोरी छ भने कुन विद्यालय पढाउनुभएको छ ?

क) सरकारी ख) बोर्डिङ ग) पढ्दैन

४४. समूहमा सहभागी हुने विषयमा श्रीमान्को सहमति छ ?

क) छ ख) छैन ग) ठिकै

४५. समूहले सञ्चालन गरेका सबैभन्दा राम्रो लागेको काम के होला ?

.................................................................................................................

४६. समूहको बैठकमा हुने छलफलका विषयहरू के-के हुन्छन्?

.................................................................................................................

४७. समूहमा सहभागी हुनाले तपाईंमा आएका परिवर्तन के के होलान्?

.................................................................................................................


४८. तपाईंमा आएको परिवर्तनले परिवार तथा समाजलाई कसरी फाइदा पुगेको छ ?

.................................................................................................................

४९. समूहले महिलाको विकासको लागि कस्तो क्रियाकलाप सञ्चालन गर्नुपर्ला ?

# अनुसूची २

## अध्ययन क्षेत्रको नक्सा




*स्रोत :गुगल डट कम*

# अनुसूची ३

समूहका सदस्यहरूसँग अन्तर्वार्ता अनुसूची भराउँदा र अवलोकन गर्दाका तस्विरहरू









## अनुसूची ४

## समूहले गरेका भौतिक विकासका कार्यहरूको झलक





समूहको पहलमा निर्माण भएका भवनहरू






बर्सात्को पानी सङ्कलनको लागि टंकी